
Vol. 2, Issue 12, October-November, 2014

HOT NEPAL Monthly

# हट नेपाल

वर्ष २, पूर्णाङ्क १२, कात्तिक २०७१, मूल्य रू ३०।–



## रात्रिजीवनको रमाइलो

नाङ्गै सुत्दा फाइदैफाइदा

झरनाको मसाज अनुभव

कान्छी बन्ने होडबाजी


calvinklein.com
watches
SULUX CENTRE
Hotel Woodland Complex, Durbarmarg, Kathmandu, Nepal.
Calvin Klein
swiss made

*Wherever you are, we are always at your service*

# Kathmandu Guest House Thamel

## नेपालको सबैभन्दा चर्चित होटल









**Kathmandu Guest House, Thamel, 4700632**
**Park Village Resort, Buddhanilkantha, 4375280**
**Waterfront Resort, Lake Side, Pokhara, 61466304**
**Buddha Maya Gardens, Lumbini, 71580220**
**Maruni Sanctuary Lodge, Chitwan, 56580160**
**Park Vision Inn, Nagarkot, 06205839**

जि.प्र.का. काठमाडौं द.नं. २१६/२०७०/०७१


Vol. 2, Issue 12, October-November, 2014

# हट नेपाल

Hot Nepal Monthly

वर्ष २, पूर्णाङ्क १२, कात्तिक २०७१

मनोरञ्जन र जीवनशैली मासिक




आवरण तस्वीर : शरद महर्जन

**प्रधान सम्पादक**
व्याकुल पाठक

**सम्पादक**
श्याम स्मृत

**फोटोग्राफर**
शिवलाल श्रेष्ठ, अजय देशार, शरद महर्जन

**ग्राफिक/लेआउट**
श्याम स्याङ्बो

**प्रबन्ध निर्देशक**
कल्पना उप्रेती

**प्रमुख अधिकृत वितरक/काठमाडौं**
काष्ठमण्डप डिस्ट्रिब्युसन प्रालि
भोटे, काठमाडौं, फोन : ०१-४२४७२४१

**प्रमुख अधिकृत वितरक/मोफसल**
एलाइट न्यूजपेपर डिस्ट्रिब्युटर
नरदेवी, काठमाडौं, फोन : ०१-४२६१९४८

**मुद्रक**
एक्टिभ प्रिन्टिङ प्रेस
गल्कोपाखा, काठमाडौं

**प्रकाशक**
Dream Nepal Publications (P.) Ltd.
ड्रिम नेपाल पब्लिकेसन्स प्रालि
गोंगबु, काठमाडौं
फोन : ०१-४३५६१४१



## १० रात्रिजीवनको रमाइलो

काठमाडौंको ठमेलको रात्रि मनोरञ्जन व्यवसायमा एक रातमा सरदरमा १ करोड ६८ लाख ७५ हजार बराबरको व्यापार हुने गरेको छ । ठमेलको नाइट लाइफको अध्ययन तथा अनुसन्धान गरेका टेकराज थामीले निकालेको तथ्याङ्कअनुसार ठमेलको मनोरञ्जन बजार डान्सबार, क्याविन, मसाजलगायतमा ६० हजारले रोजगारी पाएका छन् ।

## नाङ्गै सुत्दा फाइदैफाइदा १५

बिनाकपडा सुत्दा शरीरको तापक्रम कोठाको तापक्रमसँग बराबर हुन्छ। यदि शरीरको तापक्रम कोठाको तापक्रमको बराबर भए एण्टी एजिङ हर्मोन उत्पादनमा वृद्धि हुन्छ। कपडा खोलेर सुत्दा गहिरो र लामो समय निन्द्रा लाग्छ। बिनाकपडा सुत्दा शरीरको तापक्रम सामान्य हुन्छ र मीठो निन्द्रा लाग्छ।





## १८ पल्पसाको पहिचान

रेष्टुरेन्टमा परम्परागत मौलिक नेपाली नृत्यको बिग बिजनेश वुमनको रूपमा पल्पसाको बेग्लै पहिचान देख्न पाइन्छ । पल्पसालाई आमरूपमा मेरी-बास्सैको चम्पुरीका रूपमा चिनिए पनि उनी काठमाडौंका महँगा रेष्टुरेन्टमा परम्परागत नेपाली नृत्य टोलीको हाकिम बनेर नृत्यका कलाकारलाई आवश्यक निर्देशन दिनेदेखि तिनीहरूको जिम्मेवारी बोकेर अत्यन्त व्यस्त छिन् ।

## ३० कान्छी बन्ने होड

फिल्ममा निक्कै तामधाम तथा आदर्श अभिनय गर्ने ती नायिकाहरु प्रायः विवाहिता या डिभोर्सी धनाढ्य पुरूषका कान्छी भएर बसेको पाइन्छ । कान्छी बनेर भित्रिने नायिकामा कुनैबेला एसियाकै सुन्दरी नायिकाको ताजसमेत पहिरेकी करिना कपुर पनि हुन् ।





## ३२ सिंगापुरको सिंगारपटार

लण्डनमा भएको 'लण्डन आई'जस्तै सिंगापुरले 'सिंगापुर फ्लायर' सन् २००८ मा बनायो, जहाँबाट सिंगापुर शहरको चारैतिर हेरेर राम्ररी मज्जा लिन सकिन्छ । एसियन सिभिलाइजेसन म्युजियम पनि सिंगापुरको एक आकर्षण हो ।

Registration number **DAO KTM 216/070/71** | **Hot Nepa**l, Entertainment & Lifestyle monthly magazine is published by **Dream Nepal Publiications Pvt. Ltd.** | **Address:** Gongabu, Kathmandu, **Phone:** 01-4356141 | **Email :** hotdreamnepal@gmail.com | Managing Director: **Kalpana Upreti** | Chairman and Editor-in-Chief: **Byakul Pathak**

सम्पादकीय



# सुरक्षित र व्यवस्थित रात्रिजीवन

दैनिक तनावपूर्ण जीवनबाट थाकेकाहरूका लागि निश्चित गन्तव्य रात्रिजीवन बनेको छ । रात्रिजीवन अर्थात् अहिले चलनचल्तीको भाषामा प्रचलित 'नाइट लाइफ'बाट कतिपयले जिन्दगीलाई मधुर बनाउने गरेको पाइन्छ । कतिपयको बर्बाद पनि हुने गरेको छ । नाइट लाइफको नाममा पूरै रात जुवा-तास तथा मदिरामा लठ्ठ बन्नेहरूले घर-परिवारलाई सडकमा ल्याएको कतिपय उदाहरण पनि छन् । परिवारको मात्र हैन नाइटलाइफको दुरूपयोग गर्नेहरूले स्वयंलाई बर्बाद पारेको उदाहरण खोज्न पनि टाढा जानु पर्दैन । नाइट लाइफ भन्दै काठमाडौंका पाँचतारे होटलमा संचालित क्यासिनोमा जान बढी मन पराउने नेपाल राष्ट्र बैंकको राम्रो जागिरे समेत रहेका एक चलचित्र निर्देशकले क्यासिनोबाट बर्बाद बनेपछि आत्महत्या गर्ने कोसिस गरेको समाचार पुरानो भएको छैन । नेपालीहरूलाई प्रवेश-निषेध भनिएको क्यासिनोमा अवैध रूपमा प्रवेश गराएको व्यापक आरोप खेपेका क्यासिनोलाई हाल सरकारले बन्द गराएको छ । नाइट लाइफको एक अंगको रूपमा परिभाषित हुन थालेको क्यासिनो जस्ता जुवाघर बन्द भएबाट धनाढ्य र नवधनाढ्यका गृहिणीहरु खुसी देखिएका छन् । श्रीमान्हरु बेलुका समयमा नै घर फर्कने गरेकोमा उनीहरूले खुसी मनाएका छन् । अर्कोतिर प्रहरीले मदिरा सेवन गरेर सवारी साधन चलाउन कडा प्रतिबन्ध लगाएकोले पनि रात्रिजीवनको दुरूपयोग कम भएको देखिएको छ । एकातिर क्यासिनोले ल्याएको नाइट लाइफ नेपालमा विभिन्न नाम तथा बहानामा विस्तार भएको पाइएको छ । कुनै जमानामा क्याब्रे डान्स संस्कृतिबाट विकास भएर गजल गायन हुँदै नेकेट डान्ससम्ममा विस्तारित बन्यो । पछि त्यसमा अत्यन्त कडाइ गरेपछि लोकदोहरी साँझको नाममा बढी चल्यो ।

नाइट लाइफमा एकातिर लोकदोहरी र अर्कोतिर पाश्चात्य डान्स बारको बोलवाला अद्यावधिक छ । यसमा प्रहरी प्रशासनको समेत मिलोमतो हुनुबाट यो व्यवसाय मौलाएको छ । दोहोरी तथा डान्सबारमा गएर रंगीन रातलाई रमाइलो बनाउने रसिक मन भएकाहरूको लागि अघोषित रूपमा संचालित यौन व्यवसायले पुट दिने गरेको देखिन्छ । नपत्याउँदो तरिकाले यौन व्यवसायलाई मलजल दिने कार्य नाइट लाइफबाट भइरहेको पाइएको छ । हजारौंलाई रोजगारी दिन सफल तथा प्रत्येक रात करोडौंको व्यापार गरिरहेको नाइट लाइफले सरकारलाई मनग्य राजश्व दिएको छ । यति धेरै राजश्व दिने नाइट लाइफलाई विदेशमा जस्तो व्यवस्थित रूपमा संचालन गर्न र गराउन सरकार भने असफल देखिएको छ । व्यवस्थित रूपमा नाइट लाइफलाई संचालन गर्न सकेको खण्डमा धेरैको रोजीरोटीको माध्यम बनेको यो व्यवसायको ग्यारेन्टी गर्न सकिने प्रशस्त सभावना रहेको छ । सबैतिर व्यवस्थित भएपछि दिनभरको थकानलाई शान्त पार्न खोज्नेहरूलाई नाइट लाइफले टेवा दिने कुरामा दुई मत नहोला । शिष्ट नाइट लाइफमा रम्न चाहनेहरूलाई जतिखेर पनि डरैडर हुनु हुँदैन । यस स्थानमा आइपुग्दा आफू सुरक्षित हुन्छु भन्ने महसुस भएमा कसैलाई पनि त्यस स्थानमा बसेर निष्फिक्री रमाइलो गर्ने मूड हुन्छ । एक्लै तथा अपरिभाषित सम्बन्ध भएका विपरीतलिंगीसँग नाइट लाइफमा रमाउनेहरु पनि साथीभाइ तथा परिवारका साथ रमाइलो गर्ने सोचको विकास हुने निश्चित हुन्छ । त्यसका लागि विदेशमा जस्तो नाइट लाइफमा विभिन्न खाले पर्यटकीय सम्मानजनक सुविधाहरु हुनु आवश्यक छ । नेपालमा काठमाडौंको ठमेल, दरबारमार्ग, धरान तथा पोखराको लेकसाइड जस्ता स्थानमा नाइट लाइफले नयाँ अवधारणा ल्याउने कोसिस भएको पाइन्छ । त्यसमा थप नयाँपन तथा आकर्षण ल्याउन सकेमा बैंकक तथा युरोपको जस्तो नेपालमा नाइट लाइफ हुनेमा कुनै शंका छैन ।

बैंकक तथा युरोपका नाइट लाइफमा सडकमा नै खुलेआम थकित मनलाई आराम दिनका लागि बडी मसाज गर्न पाइन्छ । तर नेपालमा अझै पनि मसाजलाई सहज रूपमा लिने गरिएको पाइँदैन । मसाजलाई कतिपय स्थानमा यौन व्यवसायको रूपमा हेरिने मानसिकता रहेकोले बडी मसाज गर्न खोज्नेहरूले पनि सुरक्षित महसुस गर्न पाएको देखिँदैन । कतिखेर प्रहरीको खानतलासीमा परेर बेइज्जत हुने हो भन्ने डर उनीहरूमा रहेको छ । अर्कोतर्फ नाइट लाइफको नाममा स्थान फेर्ने हिसाबले होटल तथा गेष्ट हाउसमा रात बिताउन चाहने दम्पतीहरु पनि डरमा पर्नुपर्ने देखिएको छ । अवैध यौनधन्दा हुने गरेको नाममा होटल तथा गेष्ट हाउसहरूमा प्रहरीले छापा मार्ने कार्यले नाइट लाइफ बिताउनेहरूले हैरानी खेप्न बाध्य बन्नु अवश्य पनि राम्रो होइन । यी यावत कमी-कमजोरीले गर्दा सहज रूपमा नेपालमा नाइट लाइफ बिताउन अलि कठिन भइरहेको छ । त्यसतर्फ रात्रिव्यवसायी तथा पर्यटन व्यवसायी सबै मिलेर यसको उचित व्यवस्थापन गर्न सकेमा सुरक्षित महसुस गर्न सकिने छ । महानगरमा आधुनिक जीवनको एक अंगको रूपमा नाइट लाइफलाई लिने गरिन्छ । मुलुक आधुनिकतातिर लम्किदै जाँदा अनि विदेशी संस्कृति र सभ्यताको अतिक्रमण हुँदै जाँदा त्यसलाई बेवास्ता गर्न सकिने अवस्था हुँदैन । मुलुकका प्रमुख शहरमा रात्रिजीवनलाई एउटा सीमामा ल्याएर व्यवस्थित गर्दा तनावबाट मुक्ति खोज्नेहरूले राहत पाउने छन् भने मुलुकले पनि राजश्व पाउने छ । यसको अलावा यस व्यवसायबाट हजारौंले रोजगारी प्राप्त गरेर विदेशमा जोखिमपूर्ण काममा जानुपर्ने बाध्यताबाट थोरै मात्र भए पनि मुक्ति पाउने छन् ।

**ब्याकुल पाठक**
**प्रधान सम्पादक**

महानगरमा आधुनिक जीवनको एक अंगको रुपमा नाइट लाइफलाई लिने गरिन्छ । मुलुक आधुनिकतातिर लम्किदै जाँदा अनि विदेशी संस्कृति र सभ्यताको अतिक्रमण हुँदै जाँदा त्यसलाई बेवास्ता गर्न सकिने अवस्था हुँदैन । मुलुकका प्रमुख शहरमा रात्रिजीवनलाई एउटा सीमामा ल्याएर व्यवस्थित गर्दा तनावबाट मुक्ति खोज्नेहरूले राहत पाउने छन् भने मुलुकले पनि राजश्व पाउने छ ।

## ● किनमेल कभर मन पर्‍यो

दशैंको विशेष सामग्री सहितको हट नेपालको अंक ११ को साजसज्जादेखि सबै सामग्री मलाई राम्रो लाग्यो । दशैंको किनमेलको तस्वीरले कभरलाई निक्कै स्वाभाविक बनाएको छ । हट नेपालले यसप्रकारको कभर कन्सेप्ट बनाउँदै गएमा भविष्यपर्यन्त अत्यन्त राम्रो हुँदै जाने कुरामा दुई मत नहोला । कभरमा किनमेल गर्दैगरेका दुई मोडल महिमा सिलवाल तथा सन्ध्या पौडेलको फोटो खिच्ने फोटोग्राफर शरद महर्जनलाई सफलताको लागि हार्दिक बधाई पनि व्यक्त गर्न चाहन्छु । द्रुततर प्रगति गर्दै आएको हट नेपाल म्यागजिनको अझै सफलताको कामना गर्दछु ।

*– प्रकाश दाहाल, अनामनगर, काठमाडौं*

## ● मेरो जिन्दगीकै अनुपम उपहार

मैले स्वदेश तथा विदेशमा रहेर धेरै सांगीतिक कार्यक्रम गरेकी छु । नेपालमा खासै चलचित्र खेल्न नपाए पनि हाल भारतमा प्रान्तीय चलचित्रमा अभिनय गर्ने मौका पाइरहेकी छु । निकट भविष्यमा नेपालमा पनि भारतको भोजपुरी फिल्मा जस्तै बेग्लै स्थान हासिल गर्ने मेरो प्रमुख लक्ष्य रहेको छ । यो वर्षको दशैंको बेला भारतबाट नेपाल आउने क्रममा काठमाडौंमा हट नेपाल प्रतिनिधिसँग भेट भएर हट नेपालको दशैं अंकको कभरमा किनमेल गर्दै गरेको तस्वीर कभर प्रकाशित भयो । यो मेरो फिल्मी करियरकै पहिलो कभर फोटो हो । हट नेपालको कभर फोटोमा नेपालका चर्चित स्टार महिमा सिलवालजीसँग म पनि आउन पाउनु मेरो अहोभाग्य हो । दशैंको बेला हट नेपाल प्रकाशित भयो । म दशैं मनाउन काठमाडौं छाडेर धनगढी आएँ ।




धनगढीमा मैले हट नेपाल हेर्न नपाउँला भन्ने ठूलो चिन्ता लागेको थियो । दशैंको बेलामा धनगढीकै बजारमा हट नेपाल पाउँदा मलाई अत्यन्त खुसी लाग्यो । मेरो तस्वीर कभरमा प्रकाशित भएको हट नेपाल पत्रिका मेरो जिन्दगीकै अनुपम उपहार जस्तो लागेको छ । धन्यवाद हट नेपाल टिमलाई ।

*– सन्ध्या पौडेल, धनगढी (हाल : मुम्बई, भारत)*

## ● विदेशी पत्रिकाको स्तरमा

काठमाडौंको भाटभटेनीस्थित भाटभटेनी सुपर स्टोरमा दशैंको किनमेलको लागि जाँदा एकाएक मेरो नजर त्यहाँ विदेशी स्तरीय पत्रिकाहरूको साथमा हट नेपालको दशैं अंकलाई सोही स्तरमा राखेर स्थान दिएकोमा मलाई अत्यन्त खुसी लागेको छ । हट नेपालले यति छिट्टै उक्त स्थान राख्न सफलता पाउनु चानचुने कुरा अवश्य पनि होइन । हट नेपाल टीमको अहोरात्र मेहनत यसमा मैले देखेकी छु । मलाई हट नेपाल प्रवेशांकदेखि मन परेको मासिक पत्रिका हो । मनोरञ्न तथा जीवनशैली विषयलाई राम्ररी समेटेर अगाडि बढिरहेको हट नेपाल चाँडै नै नम्बर एक पत्रिका बन्नेछ भन्ने मेरो विश्वास रहेको छ । हट नेपालको अझै सफलताका लागि हार्दिक शुभकामना ।

*– शारदा श्रेष्ठ, विशालनगर, काठमाडौं*

## ● दोस्रो वर्ष पुगेकोमा बधाई

समयानुकूल सामग्रीसहित हरेक महिनाको पहिलो हप्ताभित्र प्रकशित हुने हट नेपाल मासिक पत्रिका मेरो जीवनशैलीको पत्रिका नै बनेको छ । मलाई यो पत्रिकाले छोटो समयमा नै आफ्नो बनाएको छ । मैले पनि यस पत्रिकालाई आफ्नो बनाएको छु । एक वर्ष सफलतापूर्वक पूरा गरेर दोस्रो वर्षमा पुगेको हट नेपाललाई हार्दिक बधाई तथा थप सफलताको लागि शुभकामना ज्ञापन गर्दछु । यसरी नै पाठकको चाहना अनुसारका सामग्री पस्कदै गएमा हट नेपाल नेपालको मासिक पत्रिकाको लहरमा छिटै नम्बर एक पत्रिका बन्नेमा कुनै शंका छैन । अहिले पनि वर्षौंदेखि प्रकाशित हुँदै आएका पत्रिकाभन्दा यसको स्तर माथि रहेको छ र ती पत्रिकाले यसको सिको गर्न थालेको मैले महसुस गरेको छु ।

*– रोशन भण्डारी, भैरहवा*

## ● ग्याजेट नछुटोस्

बजारमा आएका नयाँ प्रविधिका सामग्रीप्रति मेरो पहिलो झुकाव हुनेछ । यसमा नयाँ किसिमका मोबाइल मेरो पठनको रूचिको विषय हो । बजेटले भ्याएसम्म नयाँ किसिमका मोबाइल बोक्न मलाई मन पर्छ । हट नेपालले सुरूका अंकदेखि नै ग्याजेट स्तम्भ अन्तर्गत त्यस किसिमका सामग्री दिंदै आएको छ तर यो स्तम्भ नियमित भने पाइरहेको छैन । हामीजस्ता ग्याजेट प्रेमीको चाहनालाई ध्यान दिई यो स्तम्भ नियमित समावेश गर्न म हट नेपाल टिमलाई विशेष आग्रह गर्दछु ।

*– वसन्त अधिकारी, सामाखुसी, काठमाडौं*

सल्लाह-सुझावका लागि : hotdreamnepal@gmail.com, facebook.com/pages/Hot-Nepal



## शेराटन काठमाडौं होटल शिलान्यास



गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घलेको लगानीमा काठमाडौंमा स्थापना हुने पाँचतारे लक्जरी होटल 'शेराटन काठमाडौं होटल'को शिलन्यास प्रधानमन्त्री सुशील कोइरालाले गरेका छन् । शिलान्यास समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री कोइरालाले मुलुक शान्ति र स्थायित्वको बाटोमा अगाडि बढिरहेकाले नेपालमा लगानी भित्र्याउन विदेशी लगानीकर्ता र गैरआवासीय नेपालीहरूलाई आह्वान गरे । एनआरएन अध्यक्ष घलेले हिम्मत र साहसका साथ ठूलो लगानी गर्न लागेको भन्दै प्रधानमन्त्रीले यसले विश्व समुदायमाझ नेपाल लगानीमैत्री मुलुक हो भन्ने सन्देश जाने विश्वास लिए । नेपालका लागि अष्ट्रेलियाली राजदूत ग्लेन ह्वाइटले शेराटनमा घलेले गरेको लगानी नेपालका लागि अष्ट्रेलियाको सबैभन्दा ठूलो लगानी भएको बताउँदै यसले अष्ट्रेलियाको पनि प्रतिष्ठा बढाएको बताए । शेराटन होटलका एसिया प्यासिफक क्षेत्रीय उपाध्यक्ष दिलीप पुरीले एमआरटी ग्रुपसँग मिलेर शेराटन करिब ३० वर्षपछि पुनः नेपाल आएको बताउँदै यसले नेपालको पर्यटन उद्योगलाई टेवा पुऱ्याउने विश्वास लिएको बताए । होटलका प्रवर्द्धक एमआईटी ग्रुप होल्डिङ्सका प्रमुख कार्यकारी अधिकृत शेष घलेले नेपालमा लगानीमैत्री वातावरण नबनेको भए पनि एक गैरआवासीय नेपाली नागरिकका नाताले मातृभूमिप्रतिको दायित्व सम्झेर ठूलो लगानी भित्र्याएको बताए । घले पत्नी तथा व्यवसायी जमुना गुरूङले यस किसिमका सुरूवातले नेपालमा लगानीको वातावरण बन्दै जाने विश्वास व्यक्त गरिन् । करिब १४ रोपनी क्षेत्रफलमा निर्माण हुने होटल १७ तलाको हुने छ । होटलमा दुई तला पार्किङ, बेसमेन्ट, लवीसहित १३ वटा तलामा गेष्टरूम रहनेछन् । सन् २०१७ को अन्त्यसम्ममा होटलको निर्माण कार्य सम्पन्न गरी सन् २०१८ फेब्रुअरी महिनाबाट सञ्चालन गर्ने लक्ष्य राखिएको छ । पाँचतारे लक्जरी होटल शेराटन काठमाडौंमा २१८ वटा गेष्टरूम तथा सुइट रूम रहने छन् । हेल्थ क्लव, स्पा, वातानुकूलित स्वीमिङ पुल र फिटनेस सेन्टरसहितका सुविधा यस होटलमा उपलब्ध हुनेछन् । होटलभित्रै रिटेल सपिङ सुविधा हुनेछ भने स्थानीय र अन्तर्राष्ट्रिय स्वादका खानाको आनन्द लिन सकिने छ ।

## बृहत् चिनियाँ पुस्तक प्रदर्शनी

चीनको साँस्कृतिक तथा ऐतिहासिक विषयबस्तु झल्कने पुस्तकहरूको बृहत् प्रदर्शनी काठमाडौंमा आयोजना गरियो । बृहत् चिनियाँ पुस्तक प्रदर्शनी चीनको तिब्बत जन प्रकाशन गृह तथा समाचार प्रकाशन केन्द्र चीन तिब्बतको संयुक्त आयोजनामा गरिएको हो । प्रदर्शनीमा चीनको साँस्कृतिक तथा ऐतिहासिक विषयबस्तुलाई समेटिएका पुस्तक तथा सन्दर्भ सामग्री रहेका थिए । प्रदर्शनीनको सूचना तथा सञ्चार मन्त्री डा. मिनेन्द्र रिजालले शुभारम्भ गरेका थिए । सो अवसरमा मन्त्री रिजालले नेपाल र चीनबीचको सम्बन्धलाई विस्तार गर्न दुई देशबीचको साँस्कृतिक, ऐतिहासिक पक्षले महत्वपूर्ण भूमिका खेलेको बताए । मन्त्री रिजालले नेपाल एक चीन नीतिको




पक्षमा रहेको बताए । कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत ऊ छुन्थाईले चीन र नेपालबीचको मैत्रीपूर्ण सम्बन्धलाई अझ विस्तार गर्न बृहत् पुस्तक प्रदर्शनीले महत्वपूर्ण भूमिका खेल्ने धारणा राखे । कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव लीलामणि पौडेल तथा पूर्वमन्त्री हिसिला यमीले नेपाल-चीनबीचको सम्बन्धका ऐतिहासिक पक्षका बारेमा बोलेका थिए ।

## कन्फ्युसियस इन्स्टिच्यूट खुला दिन आयोजित



काठमाडौं विश्वविद्यालयको कन्फ्युसियस इन्स्टिच्ययूट स्थापना भएको सातौं वार्षिकोत्सवको उपलक्ष्यमा सेप्टेम्बर २३ मा 'कन्फ्युसियस इन्स्टिच्यूट खुला दिन'को आयोजना गरियो । काठमाडौं विश्वविद्यालयका प्रिन्सिपल डा. रामकण्ठ माकजु श्रेष्ठ तथा नेपालका लागि चिनियाँ अर्थ कन्सुलर फङ वै कार्यक्रममा उपस्थित भएका थिए । काठमाडौं विश्वविद्यालयका प्रिन्सिपल डा. श्रेष्ठले 'कन्फ्युसियस इन्स्टिच्यूट खुला दिन'लगायत सम्बन्धित कार्यक्रमहरूको उच्च मूल्यांकन गर्दै गएको सात वर्षदेखि कन्फ्युसियस इन्स्टिच्यूटले नेपालमा हासिल गरेको उत्कृष्ट उपलब्धिको प्रशंसा गरे । त्यसै गरी नेपालका लागि चिनियाँ अर्थ कन्सुलर फङ वैले काठमाडौं विश्वविद्यालयको कन्फ्युसियस इन्स्टिच्यूटको स्थापना भएको सातौं वार्षिकोत्सवको उपलक्ष्यमा इन्स्टिच्यूटलाई बधाई दिए । उनले कन्फ्युसियस इन्स्टिच्यूट नेपालमा चिनियाँ भाषा सिक्ने एउटा महत्वपूर्ण ठाउँ बनिसकेको छ भन्दै चीन-नेपाल साँस्कृतिक आदानप्रदान तथा अन्तर्राष्ट्रिय सहयोगलाई अघि बढाउन महत्वपूर्ण भूमिका खेलेको पनि बताए ।

## सिजी कामना फिल्म अवार्डको मनोनयन सार्वजनिक



नेपाली चलचित्रको उत्थान र विकासका निम्ति पत्रकारितामार्फत योगदान पुऱ्याउँदै आएको कामना फिल्मी मासिकले तीन दशक लामो यात्रा पार गरेयता चौधरी ग्रुपको सिजी इन्टरटेनमेन्टको सहकार्यमा आयोजनामा हुने सिजी कामना फिल्म अवार्ड्स-२०७१ को विभिन्न २६ प्रतिस्पर्धात्मक विधाको ५/५ मनोनयन सूची सार्वजनिक गरेको छ । कामनाले २०७० वैशाख १ देखि चैत मसान्तसम्म सार्वजनिक प्रदर्शनमा आएका नेपाली चलचित्रहरूलाई सामेल गरी यसै वर्षबाट आरम्भ गर्न लागेको अवार्डमा विशेष गरी 'होस्टेल', 'महसुस', 'मोक्ष', 'नाई नभन्नु ल २' र 'मौन'बीच तीव्र प्रतिस्पर्धा देखिएको छ । यी फिल्म २६ प्रतिस्पर्धात्मक विधामध्ये धेरैजसो विधाको मनोनयन सूचीमा परेका छन् । 'होस्टेल' र 'मोक्ष' सिजी कामना फिल्म अवार्ड २०७१ को सर्वाधिक १८/१८ विधाको मनोनयनमा परेका छन् भने 'महसुस' र 'नाई नभन्नु ल-२' १७/१७ विधा तथा मौन १४ विधाको मनोनयनमा परेको छ ।

प्रतिस्पर्धामा रहेका २६ विधामध्ये दर्शकले लोकप्रिय १८ विधामा एसएमएसमार्फत भोट गर्न सक्नेछन् । दर्शक भोट र निर्णायक मण्डलको अंक जोडी विजेता चयन गरिनेछ । यीबाहेकका विधामा भने निर्णायक मण्डलले दिएको अंकका आधारमा विजेता चयन हुने कामनाका प्रधान सम्पादक तथा सिजी कामना फिल्म अवार्ड्स् २०७१ का निर्देशक पुष्करलाल श्रेष्ठले जानकारी गराएका छन् । श्रेष्ठले नेपाली चलचित्र क्षेत्रका विभिन्न विधामा योगदान गर्दै सिंगो जीवन नै यसै क्षेत्रमा बिताएका हस्तीहरूले प्रतिर्स्धामा सामेल रहेका सबै चलचित्र अवलोकन गरी स्वतन्त्र रूपले मूल्यांकन गरी मनोनयन सूची तयार पारेको जानकारीसमेत गराए । विभिन्न संघ संस्था तथा चलचित्र क्षेत्रका हस्तीहरूको सर-सल्लाहबमोजिम हरेक विधाका लागि मापदण्ड निर्माण गरी त्यसका आधारमा निर्णायक मण्डलले मनोनयन सूची तयार पारेको पनि उनले प्रष्ट पारे ।

नेपाली फिल्म जगत्को गुणात्मक विकास तथा अन्तर्राष्ट्रिय रूपमा फिल्मकर्मीहरूको ख्याति वृद्धि गर्ने उद्देश्यका साथ आयोजना गर्न लागिएको सीजी कामना फिल्म अवार्ड्स २०७१ निस्पक्षता, पारदर्शिता र उत्कृष्टताले सबैको प्रिय हुने विश्वास सिजी इन्टरटेनमेन्टका अध्यक्ष तथा अवार्डका अर्को निर्देशक वसन्त चौधरीले व्यक्त गरे ।

सीजी कामना फिल्म अवार्ड्स २०७१ लाई प्रतिस्पर्धाका आधारमा मुख्य अवार्ड, प्राविधिक अवार्ड र अप्रतिस्पर्धी रूपमा सम्मान, क्रिटिक्स एवम् जुरी अवार्ड गरी ५ भागमा विभाजन गरिएको छ । कुल ३१ विधामा प्रदान गरिने अवार्ड समारोहमा आजीवन यसै क्षेत्रमा बिताउने कलासाधकलाई १ लाख रुपियाँ नगदसहित लाइफ टाइम एचिभमेन्ट अवार्डबाट सम्मानित गरिने कामनाका सम्पादक तथा अवार्ड आयोजक समितिका सदस्य विदुर गिरीले जानकारी गराए । त्यसै गरी अवार्डलाई भव्य र सभ्य ढंगबाट सम्पन्न गर्न तीव्रताका साथ तयारी भइरहेको कामनाका सिइयो, प्रबन्ध सम्पादक तथा अवार्ड आयोजक समितिका संयोजक दिरेकलाल श्रेष्ठले जानकारी गराएका छन् ।

## भूमिहीनहरूको चलचित्र मुद्दा अब घरैमा हेर्न पाइने




हलमा मात्र हेर्न पाइने कतिपय चलचित्र अब घरमा बसेर पनि हेर्न पाइने भएको छ । घरमा बसेर हेर्नका लागि डीभीडीमा ती चलचित्र आउन थालेका छन् । तिहारको अवसर पारेर सोही सन्दर्भमा लक्ष्मीपूजाको दिनमा नेपाल भाषाको बहुचर्चित चलचित्र मुद्दाको डीभीडी विमोचन कार्य हुँदैछ । भूमिहीनहरूको विशेष मुद्दाको रूपमा उत्थान गरिएको उक्त चलचित्रको विमोचन पत्रकारहरूबाट हुनेछ । रत्नकाजी महर्जनको लेखन तथा निर्देशनमा बनेको उक्त चलचित्रमा रवि डंगोल, नारायणदेवी प्रधान, सुरेन्द्र तुलाधर, कृष्णभक्त महर्जन लगायतका कलाकारहरूको अभिनय रहेको छ । ३६ मिनेट लामो उक्त चलचित्र विदेशमा रिलिज भएर प्रशंसा पाएको निर्माण पक्षले जनाएको छ ।

## प्रकृति पूर्वाञ्चल स्टार

पूर्वाञ्चलव्यापी गायन प्रतियोगिता पूर्वाञ्चल स्टार-२ को उपाधि ताप्लेजुङ नाम्फल्याङकी २१ वर्षीया प्रकृति थलङ् लिम्बुले जितेकी छन् । धरान सभागृहमा सम्पन्न फाइनलमा १० प्रतिस्प्रर्धीलाई पछि पार्दै उनले उपाधि जितेकी हुन् । प्रतियोगितामा तेह्रथुमका पुष्पराज बस्याल दोस्रो र पाँचथरकी हिमाली सुब्बा तेस्रो भए भने धरानका उत्तम राईले बेष्ट पर्फमेन्स, खोटाङका निरञ्जन राईले बेष्ट भोकल र भोजपुरका रामध्वज राईले पब्लिक च्वाइस अवार्ड हात पारे । उपाधि विजेता प्रकृतिले नगद ५० हजारसगै ट्रफी, २ वटा गीत रेकर्ड र एउटा म्युजिक भिडियो बनाउने अवसर प्राप्त गरिन् भने एक वर्षसम्म निःशुल्क संगीत प्रशिक्षण पनि पाउनेछिन । दोस्रो भएका पुष्पराजले नगद २५ हजार, ट्रफी, एउटा गीत रेकर्ड र ६ महिना निःशुल्क संगीत प्रशिक्षणको अवसर पाए । तेस्रो भएकी हिमालीले नगद १५ हजार, ट्रफीसँगै एउटा गीत रेकर्ड र तीन महिना निःशुल्क संगीत प्रशिक्षणको अवसर प्राप्त गरिन् ।

## नातिनीको एल्बम विमोचनमा रोए प्रचण्ड

नेपालको शक्तिशाली मानिएका एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नातिनी स्मिता दाहालको दोस्रो गीति-एल्बम विमोचनको बेला धरधरी रोए । केही समयअघि मात्र दिवंगत छोरी ज्ञानु दाहाललाई समर्पित गरेर नातिनीले तयार पारेको स्मिता-२ नामक एल्बमको विमोचन गर्न जाँदा प्रचण्डको आँखा आँसुले भरिए । दिवंगत छोरी सम्झेर प्रचण्ड रोएपछि उनकी पत्नी सीता दाहालले पनि आँसु रोक्न सकिनन् । सीता पनि रोइदिएपछि वातावरण अत्यन्त भावुक बनेको थियो । नेपाल संगीतकार संघको आयोजनामा काठमाडौंको बानेश्वरस्थित इन्द्रेणी कम्प्लेक्समा आयोजित एल्बम विमोचन समारोहमा नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्य, नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल, नेपाली कांग्रेसका महामन्त्री कृष्णप्रसाद सिटौला, एमाओवादीका नेताहरु डा. बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठसमेतले प्रचण्डका साथमा उक्त एल्बम विमोचन गरेका थिए ।



तस्वीर : शरद महर्जन
लोकेशन : मर्निङबेल फिटनेश सेन्टर
ढल्को, लिङ्करोड, काठमाडौं

# झरनाको मसाज अनुभव

नायिका झरना थापालाई नाइट लाइफमा रम्न मन पर्न थालेको छ । नेपालको नाइट लाइफको अनुभव हालसम्म नलिएको भए पनि व्यवस्थित नाइट लाइफ नेपालमा पनि अत्यन्त आवश्यक भइसकेको उनी बताउँछिन् । व्यस्त जिन्दगीको तनलाई स्वस्थ बनाउने माध्यमको रूपमा नाइट लाइफलाई उनले लिएकी छन् ।

पहिलोपल्ट यो वर्ष थाइल्याण्ड भ्रमणको सिलसिलामा त्यहाँको बैंककमा नाइट लाइफको अनुभव गरेकी उनलाई त्यहाँको नाइट लाइफ व्यवस्थित लागेको छ । त्यहाँको नाइट लाइफको सुन्दर पक्ष भन्नु नै व्यवस्थित रूपमा सडकमा खुलेआम सञ्चालित मसाज हो । नेपाली रूपैयाँ एक हजार पाँच सय जतिको खर्चमा मज्जाले सडकमा नै मसाज गर्न पाइन्छ । विश्वमा नै बढी केयरिङ् गर्ने भनेर निक्कै प्रशंसा पाएका थाई केटीहरूले सुन्दर ढंगबाट गरिने त्यहाँको नाइट लाइफमा मज्जाले मसाज गरेको समेत सुनाउने उनी यसलाई त्यहाँको अत्यन्त सुन्दर पक्षको रूपमा लिन्छिन् ।

त्यहाँको नाइट लाइफमा मसाज गर्दा दिनभरको थकानको अन्त भएको महसुस उनले गरेकी छन् । व्यवस्थित नाइट लाइफ भएकोले केटीहरु पनि स्वतन्त्र रूपमा त्यहाँ सजिलै घुम्न सक्ने उनले बताएकी छन् । नेपालमा पनि यसप्रकारको नाइट लाइफको व्यवस्था भएमा पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने दाबी उनको छ ।

नाइट लाइफमा सेक्स सन्दर्भले सधैं टाउको दुखाउने गरेको यथार्थलाई स्वीकार्ने उनी नेपालमा यौन व्यवसायलाई व्यवस्थित गर्न राज्य र सरकार असफल भएर बढी होहल्ला हुने गरेको तर्क राख्छिन् । बैंककमा व्यवस्थित रूपमा संचालनमा आएको यौन व्यवसाय निकै राम्रो भएको टिप्पणी उनले गरेकी छन् । उनी यौनलाई दबाउन नहुने राय व्यक्त गर्छिन् । जति यसलाई दबाउने कोसिस गरिन्छ, अझ यसबाट विभिन्न यौनजन्य अपराध हुने उनको तर्क छ ।

यौनका प्यासीहरूका लागि सुरक्षित रूपमा वेश्यावृत्ति गर्न बैंककमा व्यवस्था भएबाट त्यहाँ यौनजन्य अपराध नभएको उनको बुझाइ छ । १८ वर्षभन्दा माथिका पुरुष तथा महिलाहरु यो पेसामा लाग्न चाहेमा त्यहाँको सरकारले लाइसेन्स नै दिने भएकोले यस पेसा मर्यादित भएको त्यहाँको अध्ययन भ्रमणबाट उनले निष्कर्ष निकालेकी छन् ।

चलचित्र निर्माता समेत रहेका श्रीमान् सुनीलकुमार थापाका साथमा बैंकको नाइट लाइफ चहारेकी उनले त्यहाँ हिंस्रक बाघसँग बसेर मज्जाले घरपालुवा जनावरसँग जस्तै फोटो खिचाउने कार्य समेत गरिन् । जुन उनको जिन्दगीकै नयाँ अनुभव भएको छ । त्यहाँको तालिम प्राप्त बाघलाई बोतलको दूध ख्वाउने कार्य गर्दा अलिकति डर तथा धेरै रोमान्चकता महसुस भएको बताउने उनले नेपालमा पनि यसप्रकारको पर्यटन प्रवर्द्धन आवश्यक रहेको बताइन् । यस्ता नौलो आयाम थप्न सकेमा नेपालमा पर्यटन व्यवसाय निकै फस्टाउने उनको धारणा छ ।



# रात्रिजीवनको रमाइलो

तस्वीर : केशव थोकर

काठमाडौं कलंकी निवासी सरोजा खड्कालाई रात परेपछि भ्याइ नभ्याइ हुन्छ । सात वर्षको छोरो सन्दुकलाई ख्वाइपिलाई गरेर बहिनी सन्ध्याको जिम्मा लगाएर काममा जानु उनको दिनचर्या भएको छ । ठमेलको नगरकोट दोहोरी रेष्टुरेन्टमा विगत पाँच वर्षदेखि वेटर पदमा कार्यरत उनी यसलाई काठमाडौंमा बाँच्नुको वास्तविकता भन्छिन् । राति अबेरसम्म ग्राहकको अर्डर टिप्ने कार्यमा व्यस्त हुनुपर्ने उनीसँग दैनिक अनेक रूपरंग र स्वभावका ग्राहक ठोक्किन आइपुग्छन् ।

कतिले त सरोजाको सुन्दरता देखेर प्रेम प्रस्ताव मात्र होइन, विवाहसमेत गर्ने वचन दिइसकेको उनले स्वीकारेकी छन् । यो सबै 'ग्राहकको आत्मा बोलेको' नभई उनीहरूले महँगो रकम तिरेर खाएको रक्सी बोलेको उनलाई थाहा भइसकेको छ । पहिला पहिला यस्ता प्रस्ताव आउँदा नमज्जा लाग्ने गरे पनि हाल यस्ता कुरालाई उनले सामान्य मान्न थालेकी छन् । त्यस्ता प्रस्ताव राख्ने ग्राहकलाई 'हुन्छ' पनि नभन्ने र 'हुन्न' पनि नभनी मुसुक्क हाँस्ने उनको बानी भइसकेको छ ।

पाँच वर्षअघि काठमाडौंको एक प्रतिष्ठित बैंकमा जागिरे श्रीमान्ले विभिन्न बहानामा अनेकन शंका-उपशंका गर्ने तथा राति अबेर जाँड खाएर आई झगडा गर्ने स्वभावबाट उनी हैरान बनेकी रहिछिन् । शंकालु र झगडालु श्रीमान्बाट छुटकारा पाउन श्रीमान्बाट एक सुका अंश नलिई डिभोर्स गरेर छोरो हुर्काउन तथा पढाउन उनी यस व्यवसायमा लागेको हट नेपाललाई बताएकी छन् । 'नाइट लाइफ कतिका लागि रमाइलो तथा रंगीन बने पनि हामीजस्ता नाइट लाइफमा काम गर्नेहरूका लागि ज्यान पाल्ने बाध्यताको काम हो', उनी भन्छिन् ।

होटल अन्नपूर्णको नाइट सिफ्टमा गीत गाउँदै आएका प्रसिद्ध सांगीतिक दम्पती सुरेश मानन्धर र बबिता मानन्धरका लागि पनि नाइट लाइफ रमाइलोका लागि हैन जीविकाको आधार बनेको छ । दिनभर फुर्सद भए पनि रात परेपछि नाइट ड्युटी गर्न जान उनीहरूलाई हतार हुने गर्दछ । फाइभ स्टार होटलको गीत-गजल कार्यक्रम भएकोले उच्च घरानिया स्वदेशी तथा विदेशी ग्राहकहरूको नेपाली तथा हिन्दी

गीतका फर्माइस पूरा गर्दै कतिपय समय त रात छर्लङ्ग बित्ने गरेको उनीहरु बताउँछन् ।

होटल अन्नपूर्णकै ड्युटी मेनेजर तौप्रसाद गुरूङ नाइट लाइफमा रम्नेहरु स्वदेशी तथा विदेशीहरु पहिलाको तुलनामा निक्कै वृद्धि भइरहेको जानकारी दिन्छन् । यसले गर्दा तारे होटलहरूमा पनि नाइट लाइफको लागि भनेर मनोरञ्जक गीत-गजल, डान्स तथा क्यासिनो बार राखिने गरेको उनी बताउँछन् । तारे होटलका नाइट लाइफ व्यवस्थित र सुरक्षित हुने भएकोले तारे होटलमा नै रमाउनेको जमात बढ्न थालेको मेनेजर गुरूङको भनाइ छ ।

होटल याक एन्ड यतीमा डान्स गर्ने अनिता परियारलाई पनि रात परेपछि चटारो हुने गर्दछ । कहिलेकाहीं मध्यरातसम्म व्यस्त हुनुपर्ने काममा संलग्न डान्सर परियार होटलले दिने तलबभन्दा ग्राहकको टिप्सले मनग्गे पुग्ने गरेको बताउँछिन् । परम्परागत नेपाली डान्समा विदेशीलाई समेत कम्मर मर्काएर नचाउने कार्यमा अग्रपंक्तिमा आउने अनिताको डान्स हेर्नका लागि नै धेरै विदेशीहरु त्यहाँ जाने गर्दछन् । त्यसरी अनितासँगै नाच्ने क्यानाडाकी नागरिक मेडम फ्यांकलिनले त नेपाली डान्स गर्न जानिसकेको पनि सुनाएकी छन् । उनले नाइट लाइफ दिनभरको टेन्सन तथा थकाइ मार्ने आवश्यकताको माध्यम पनि हो भनेकी छन् ।

दिनभरको अनेकन टेन्सन तथा थकाइबाट हैरान बनेका प्रायःको गन्तव्य नाइट लाइफ हुन थालेको छ । नाइट लाइफ भनेपछि पहिला धेरैको सोचाइ नकारात्मक हुने गरे पनि हाल आएर यसलाई सकारात्मक भन्नेहरूको जमात बढिरहेको छ । उच्च घरानिया धनाढ्यहरु फुर्सद पाउनासाथ नाइट लाइफमा रम्न पुगिहाल्छन् । टेकुका हार्डवेयर सप्लायर तथा ठेकेदार व्यवसायी शम्भुनाथ दास पहिला नियमित रूपमा सोल्टी, याक एण्ड यती, अन्नपूर्णका क्यासिनोमा गएर नाइट लाइफको मजा लिने गरेको भए पनि हाल ती क्यासिनोमा नेपालीलाई प्रवेश गर्न प्रशासनले कडाइ गर्न थालेपछि ठमेलका विभिन्न डान्स रेष्टुरेन्ट तथा दोहोरीमा यदाकदा जाने गरेको सुनाउँछन् । मनलाई रमाइलो पार्ने उद्देश्यले नै जाने गरेको उनले स्वीकारेका छन् ।

आफूलाई समाजसेवी भन्न रूचाउने रत्नकुमारी पुनमगर क्यासिनो डान्समा गएर नाइट लाइफ बिताउने पटक्कै मन नभएको र यदाकदा मौलिक नेपाली लोकदोहरीको डान्स रेष्टुरेन्टमा गएर नाच्न अत्यन्त रहर लाग्ने गरेकोले फुर्सद मिल्नासाथ माइन्डलाई फ्रेस गर्न जाने गरेको बताएकी छन् । नाइट लाइफलाई नराम्रो दृष्टिकोणले हेर्न नहुने उनको धारणा छ । नाइट लाइफ अब आवश्यकता बनिसकेको पनि उनले स्वीकारेकी छन् ।

## दिनमा सुत्ने रातभर उठ्ने

काठमाडौंको ठमेलको रात्रि मनोरञ्जन व्यवसायमा एक रातमा सरदर १ करोड ६८ लाख ७५ हजारबराबरको व्यापार हुने गरेको छ । ठमेलको नाइट लाइफको अध्ययन तथा अनुसन्धान गरेका टेकराज थामीले निकालेको तथ्याङ्क अनुसार ठमेलको मनोरञ्जन बजार डान्सबार, क्याबिन, मसाज, दोहोरी तथा होटल र गेष्टहाउसमा ६० हजारले रोजगारी पाएका छन् । यो तथ्याङ्कले विशेषतः यस क्षेत्रमा ७५ प्रतिशत महिलाले काम पाएको देखाएको छ । त्यसमा २५ प्रतिशत महिला यौन व्यवसायमा लाग्ने गरेका छन् ।

ठमेलका होटल व्यवसायी कृष्णबहादुर तामाङले दिएको आंकडा अनुसार कुनै डान्सबारमा तीन घण्टा बिताउने एकजना पुरूषले बढीमा ७ हजारको बिल तिर्ने गर्दछ । सोही पुरूषले कुनै युवतीसँग त्यहाँको होटल तथा गेष्टहाउसमा रमाइलो गर्दा थप ३ हजार खर्च गर्ने गरेको छ । यस हिसाबले एक रातमा १ करोड ६८ लाख ७५ हजार बराबरको आंकडा आएको हुनुपर्ने तामाङको अनुमान छ । ठमेलकै पर्यटन व्यवसायी मीनसागर थापा त ठमेल रातमा कहिले पनि सुत्दैन भन्छन् । दिनमा ठमेल यदाकदा सुते पनि रातभर ठमेल जागा हुने गरेको दाबी उनको छ ।

नेपाल होटल व्यवसायी संघमा आबद्ध होटलहरूको संख्या मात्र पनि ठमेलमा ३ सय ५० वटा पुगिसकेको छ । संघले दिएको आंकडा अनुसार ३ सय साना-ठूला होटल तथा बाँकी गेष्टहाउस छन् । होटल व्यवसायी संघका एक पदाधिकारीले नाम उल्लेख नगर्ने सर्तमा दिएको जानकारी अनुसार ठमेलका दोहोरी, डान्सबार, डिस्को तथा मसाजबाट सम्पर्क भएर होटल तथा गेष्टहाउसमा रात बिताउन जानेहरूको संख्या



# नाइट क्लबमा मस्त धराने



रमाइलोको खोजीमा नयाँ पुस्ता होस् या पुराना पुस्ता भौंतारिरहेका हुन्छन् । रात्रिकालीन जीवन बिताउने मानिसहरू समाजमा प्रशस्तै भेटिन्छन् । प्राय:जसो युवायुवती आउने नाइट क्लब, डान्सबार भन्ने बित्तिकै समाजले नाक खुम्च्याउँछ । तर पनि लुकीछिपी नाइट क्लबमा सुटुक्क पुग्छन उनीहरू । पूर्वमै एक मात्र धरानमा सञ्चालनमा रहेको नाइट क्लब फ्युजन क्लब एण्ड बारका सञ्चालक ललित राईले डान्स क्लब खोलेर सबैको तिर्खा मेटाएका छन । उनी आफै पनि डिजे हुन् । पूर्वको धरान इन्टरटेमेन्टको केन्द्रविन्दु भएकोले उनले नाइट क्लब आफ्नो लगानीमा खोलेको बताउँछन् । उनी भन्छन्- 'पहिला निकै गाह्रो थियो, पछि सबैले थाहा पाउँदै गएपछि अहिले ठिकैले चलिरहेको छ ।' ५ जनालाई रोजगारी समेत दिएका उनको क्लबमा कन्टिनेन्टल परिकार, विदेशी तथा स्वदेशी पेय पदार्थ र विभिन्न परिकार पाइन्छ । ५ वर्षअघि सञ्चालनमा आएको फ्युजन क्लब लगभग १ करोड खर्चेर सञ्चालन गरेको सञ्चालक राई बताउँछन् । क्लबबाट धेरै आम्दानी नभए पनि धराने युवायुवतीलाई इन्टरटेमेन्ट दिन पाउँदा आफू खुसी रहेको उनी बताउँछन् । धरान सानो ठाउँ भएकोले सबै एकअर्कामा परिचित छ, त्यसैले सुरक्षाको हिसाबले पनि राम्रो भएकोले डान्स क्लबमा आउने गरेको उनको भनाइ छ । रात्रिकालीन व्यापारव्यवसायमाथि प्रतिबन्ध लगाएर सरकारले ठूलो मात्रामा राजश्व गुमाइरहेको बताउने राई भने प्रहरी प्रसाशनले रातभरि सञ्चालन गर्न अनुमति दिएमा डान्सबार खोल्ने क्रम बढ्ने बताउँछन् । रात्रिकालीन जीवन जिउनेहरूका लागि त यस्ता क्लबहरू स्वर्ग नै बनेका छन । धरानका शिक्षक, संगीतकार लक्ष्मण अधिकारी दिनभरिको थकान मेटाउन रमाइलोका लागि नाइट क्लबमा आउने गरेको बताउँछन् । उनी भन्छन् -'सोसियल फेयरको मान्छे भएकोले मलाई डान्सबारमा आउन अप्ठेरो लाग्दैन । वास्तविकभन्दा डान्सबारमा डान्स गर्दा एक्ससाइज हुन्छ र जिउ फुर्तिलो हुन्छ ।' दिनभरिको थकान मेट्ने स्थान नाइट क्लब भएकोले यसलाई नकारात्मक रूपमा बुझ्न नहुने उनको भनाइ छ ।

त्यस्तैगरी धरानकै १८ वर्षीया एलिना राईलाई रात परेपछि नाइट क्लबमा एकपटक नपसी घर जानै मनपर्दैन । उनी भन्छिन्- 'साथीहरूसँग नाइट क्लबमा ग्यादरिङ भएर डान्स गर्नुको मजै बेग्लै हुन्छ ।' दिनको उज्यालोमा नदेखिने अथवा कसैप्रति याद नगरिने नाइट क्लबमा टिनएजर्सदेखि अधबैंसेसम्म मस्तले डान्स गरेको भेटिन्छ । विश्वका धेरै शहरहरूले रात्रिकालीन ब्यावसायलाई अनुमति मात्र हैन महत्व दिने गरेका छन् तर नेपालमा साँझ नपर्दै प्रहरीले होटल-रेष्टुरेन्ट र अन्य व्यापार व्यवसाय बन्द गराउँछ । होटल एशोसिएसन धरानको अनुमति लिएर सञ्चालन गरेको फ्युजन क्लब एण्ड बारमा दिनभरिको कामले थकित भएकाहरू थकान मेटाउन मध्यरातसम्म डिजेको म्युजिकको तालमा झुमिरहेका भेटिन्छन ।

***- सोहन श्रेष्ठ***

निकै रहेको छ । ठमेलका ४० प्रतिशत होटल तथा गेष्टहाउस रात्रि मनोरञ्जन क्षेत्रबाट आउनेहरूबाटै धानिएको छ ।

त्यहाँको रात्रिजीवनमा अंकुश लगाउने हो भने ३ सय ५० होटल तथा गेष्टहाउसमध्ये २ सय ६० वटा बन्द हुने अवस्थामा पुग्ने जानकारी व्यवसायीहरूले दिएका छन् । ठमेलको नाइट लाइफका लागि मात्र त्यहाँका गेष्ट हाउसले १० देखि १५ जना युवतीलाई स्ट्याण्डबाइ राख्ने गरेको खुलासा भएको छ । कल सर्भिसमा आउने युवतीहरूको संख्या २ हजार ६ सयसम्म रहने गरेको बताइएको छ ।

'बदनाम तथा गुमनाम भविष्य बोकेका' युवतीहरूले ठमेलको नाइट लाइफ जगाइरहेको ठोकुवा ठमेलकै होटल व्यवसायी रमेश जोशी गर्छन् । जोशीका अनुसार प्रत्येक डान्सबारबाट प्रहरीका इन्चार्जलाई मासिक ५ हजार तथा सिपाही एवम् हवल्दारलाई जनही थप १ हजार मात्र दिए पनि मासिक २२ लाख खर्च लाग्ने गरेको छ ।

ठमेलको नाइट लाइफको यो आय-व्ययको आंकडाले रात्रि मनोरञ्जन व्यवसाय निकै फस्टाएको प्रमाणित भएको छ । विशेषत: यहाँको नाइट लाइफ चाँडोमा रातको ८ बजेबाट सुरू हुने गर्दछ । त्यसपछि बिहान ३ बजेसम्म मज्जाले चल्ने गरेको छ । प्रहरी प्रशासनले ११ बजेपछि दोहोरी तथा डान्सबार बन्द गर्ने-गराउने गरेको भने पनि त्यहाँबाट निस्कने धुन तथा चर्को म्युजिकलाई बन्द गरेर पनि भित्र चालु राखेको पाइयो । मूलगेटचाहिँ देखाउनको लागि बन्द गरिएको हुन्छ ।

ठमेलको नर्सिङ चोकबाट सातघुम्ती मोड जाने टर्निङमा त ११





बजेपछि मात्र चहलपहल सुरू हुने गरेको छ । स्वदेशीभन्दा विदेशीको त्यस समयमा घुइँचो लाग्ने गरेको छ । यहाँको एक बेकरी क्याफेमा युरोपियन स्टाइलमा डान्समा झुम्ने विदेशीहरूको भीड नै लाग्ने गरेको पाइयो । एकदिन मात्र हो कि प्रायःजसो यसप्रकारको त्यस स्थानमा भीड हुने गर्दछ भनेर हट नेपालले त्यहाँ वरपर सुरक्षार्थ तैनाथ प्रहरी शत्रुघन सिंहलाई प्रश्न गर्दा प्रायःजसो यस्तो भीडभाड हुने गरेको जानकारी दिए ।

दोलखाबाट ठमेलमा आएर विगत सात वर्षदेखि रिक्साको रात्रिसेवा पुऱ्याउँदै आएका सन्तु तामाङले यही पेसा गरेर दुई सन्तान र श्रीमती सहित चार जनाको परिवार पालिरहेको बताए । रातको ९ बजेबाट ठमेल वरपर रिक्सा चलाउने र करिब बिहान ५ बजेसम्म चलाउने गरेको उनले बताए । अरू उठ्ने बेलामा आफू घर गएर खाना खान जाने र दिनभर सुत्ने आफ्नो दिनचर्या उनले सुनाए । नाइट लाइफमा विशेषतः दोहोरी, डान्सबारबाट आउने ग्राहकहरूलाई सर्भिस दिने कार्य उनीबाट भएको छ ।

विशेषतः त्यस्ता ग्राहकहरूलाई होटल तथा गेष्टहाउसमा पुऱ्याउने कार्य सन्तु तामाङजस्ता सयौं रिक्सा चालकहरु नाइट लाइफमा कार्यरत रहेको पाइएको छ । रिक्साको नाइट सर्भिस निकै जोखिमपूर्ण हुन्छ । मदिराले लट्ठिएका प्रायः युवायुवतीलाई उनीहरूले भनेका होटल तथा गेष्टहाउसमा सकुशल पुऱ्याउनु पर्दछ । त्यसरी मातिएका युवा-युवतीहरूले रिक्सामा नै कोठाभित्र गर्ने हरकत गर्दा लाजमर्दो हुने गरेको प्रत्यक्ष्यदर्शी अर्का रिक्सा चालक बाह्रबिसेका सुन्दर परियारले बताए । होटल तथा गेष्टहाउसमा ग्राहकलाई पुऱ्याएर फर्कने क्रममा एकान्त स्थानमा कतिपय स्थानीय गुण्डाहरूबाट पीडित हुनुपरेको घटना पनि उनीहरूसँग रहेको छ । पैसा मागेको बेलामा दिन नसक्दा खुकुरी तथा छुरा देखाएर रातभरको कमाइ लुट्नेहरु पनि त्यहाँ सक्रिय रहेको उनीहरूको गुनासो छ ।

रिक्सा चलाएर परिवार पाल्ने तथा छोराछोरीलाई काठमाडौंको महंगा स्कुलमा पढाउने सन्तु र सुन्दर जस्ता रिक्सा चालकहरूले सिजनको बेला भनेजस्तो ग्राहक पाउने बेलामा एक रातमा नै पाँचदेखि सात हजारसम्म कमाउने गर्दछन् । उनीहरूको सिजन भनेको बैशाखदेखि कात्तिकसम्मको समय हो । जाडो यामचाहिँ अफसिजन हो । 'अफ सिजनमा पनि कहिलेकाही राम्रै आम्दानी हुने गर्दछ'- सुन्दर परियार मुस्कुराउँदै भन्छन् । उनका अनुसार दोहोरी तथा डान्सबारको सम्पर्कबाट होटल तथा गेष्टहाउसमा पुग्ने पेशेवर युवती तथा कतिपय घरानिया युवतीहरु हुने गर्दछन् ।

कोही रहरले नाइट लाइफमा मदिराले मातिएकाहरूको यौनतृप्ति दिन विवशताले लाग्नेहरु पाइएको छ भने कोही रहरले नै आउने गरेको हट नेपालले एक हप्ता लामो ठमेलको नाइट लाइफको अनुसन्धानबाट पत्ता लागेको छ । ठमेलचोकमा रहेको नगरकोट दोहोरी साँझमा भेटिएका एक जोडीले दोहोरीको भाकामा नाच्दानाच्दै हजारका नोटहरु दोहोरी गाउने गायिकाको शरीरमा छर्ने कार्य गर्दा कतिपय छक्क परेको पनि देखिए । ती जोडी काठमाडौ कलंकीका धनाढ्य नै रहेको बुझियो । दुवैले बताए अनुसार दुवै विवाहित हुन् । दुवैका घरमा श्रीमती तथा श्रीमान् भए पनि ठमेलमा दोहोरीमा रमाइलो गर्दै अक्सर शुक्रबारका दिन त्यहींकै होटल तथा गेष्टहाउसमा रात बिताउने गरेको बताए ।

झरनाकुमारी शर्मा र मधुर खड्का नाम बताउने यो जोडीले नाइटलाइफ घरानियाहरूको लागि नै हो, जिन्दगीमा जति कमाइएको छ त्यो सबै मोजमस्ती गर्नका लागि नै हो । मरेर लाने केही छैन भनेर उदात्त प्रतिक्रिया दिए । उनीहरूले घरमा बिजनेश ट्रीप भनेर नाइट लाइफमा रमाउन आउने गरेको खुलासा पनि गरे ।

नाइट लाइफ बिताउने प्रायः हुनेखाने नै देखिएका छन् । मदिरामा मस्त भएर युवती च्यापेर हिंड्नेहरूले दोहोरी तथा डान्सबारमा दिल खोलेर खर्च गर्ने गरेको पाइन्छ । झरना डान्सबारमा वेटरको रूपमा काम गर्ने सर्लाहीकी सपना रायमाझी विवाहिता र एक छोराकी आमा पनि हुन् । श्रीमान् कामधाम केही नगर्ने, सधैं मदिराको नशामा मातिएर हिंड्ने भएकोले केही महिनाअगाडि मात्र डिभोर्स गरेर आफू र छोराको ज्यान पाल्न भए पनि रात्रि व्यवसायमा संलग्न भएको उनले बताएकी छन् ।

रहरले भन्दा बाध्यताले यो पेसा अपनाएको बताउने उनीसँग जिस्किने र 'जाने हो ?' भन्नेहरूको पनि कमी छैन । छोराकी आमा भए पनि राम्री भएकोले पेशेवर नै ठानेर ग्राहकहरूले त्यस्तै व्यवहार गरेको पाइयो । पहिला यसप्रकारका व्यवहारले वाक्क हुने गरेको भए पनि हाल स्वाभाविक लाग्न थालेको, तर शरीर बेचेर पेट अहिलेसम्म नपालेको उनले छोराको कसम नै खाएर बताइन् ।

### पोखरामा बेग्लै नाइट लाइफ

काठमाडौंको ठमेल रातभर नसुतेजस्तै पोखराको अर्को ठमेल

लेकसाइड पनि नसुत्ने गरेको पाइयो । लेकसाइडका दोहोरी तथा डान्सबार र कतिपय स्पा सेन्टरहरु रातभर पनि खुल्ने गरेको पाइयो । प्रहरी प्रशासनले डान्सबारहरूलाई राति ११ बजे बन्द गराउने गरेको पाइए पनि होटल तथा गेष्टहाउस रातभर खुल्ला नै हुने गरेको पाइन्छ । विशेषतः लेकसाइडमा पहिला विदेशीहरूको मात्र बाहुल्य हुने गरे पनि हाल आएर स्वदेशीहरूले पनि खचाखच भरिने गरेको छ । काठमाडौं र अन्यत्रबाट आउने स्वदेशी पर्यटकहरूको पोखरामा गन्तव्य नै लेकसाइड भएको छ । फेवातालको मनमोहक किनार तथा माछापुच्छ्रेको आगनीमा रहेको लेकसाइडले स्वदेशी तथा विदेशी सबैलाई आनन्दित बनाइरहेको देखिन्छ । आधा रातमा अन्यत्र निस्कन डराउने स्वदेशी हनिमुन जोडीदेखि सामान्य जोडीसम्म पनि आधा रातमा निस्किएर लेकसाइडमा टहल्लिरहेका भेटिन्छन् ।

सडकमा व्यवसाय गर्ने सडक व्यापारीका ठेले पसलदेखि होटल तथा गेष्टहाउसका मदिरा पसलसम्म पनि पूरै रात खुल्ने भएर मात्र नभई पोखरा पर्यटन व्यवसायी संघको अगुवाईमा सुरक्षास्थिति मजबुत भएकोले पनि नेपाली जोडीहरु निर्धक्क सडकमा टहलिने गरेको खुलासा काठमाडौंको कीर्तिपुरबाट पाँच वर्षअघि पोखरा आएर लेकसाइडमा होटल व्यवसाय गर्दै आएका सुरज महर्जनले गरेका छन् । महर्जनका अनुसार स्वदेशी आन्तरिक पर्यटकहरूमा हनिमुन जोडी नै यस क्षेत्रमा बस्ने गरेका छन् । नेपाली हनिमुन जोडीको बाहुल्यले गर्दा नै लेकसाइडको नाइट लाइफ मनमोहक हुने गरेको केही दिनअघि मात्र पोखरामा हनिमुन मनाएर फर्केकी नवविवाहिता सविता लुइँटेलको प्रतिक्रिया रहेको छ । उनी भन्छिन्- 'पोखराको नाइट लाइफ रमाइलो तथा रोमान्चक छ । त्यहाँ कुनै किसिमको सुरक्षा खतरा हामीले महसुस गरेनौं । खर्चचाहिँ अलि महंगै रहेछ ।'

नेपालको महंगो शहरमध्येमा एक नम्बरमा आउने पोखराका होटल तथा गेष्टहाउसका सुविधाअनुसार न्यूनतम १ हजारदेखि अधिकतम ५ हजारसम्म बेडचार्ज पर्ने गरेको त्यहाँका होटल व्यवसायीहरूले बताएका छन् । उनीहरूले रातको समयमा आउने पाहुनाहरु प्रायः जोडी नै आउने भएकाले श्रीमान्-श्रीमती हुने गरेको अनुमान गरे पनि कतिपय स्थानीय यौन व्यवसायी समेत पर्ने गरेका छन् । त्यसलाई यहाँ नौलो घटनाको रूपमा होटल व्यवसायीहरूले लिन छाडेका छन् । पर्यटन व्यवसाय मजबुत भएकोले पनि यहाँका होटल तथा गेष्टहाउसमा प्रहरीले आधारातमा छापा मारेको हालसम्म थाहा नपाएको होटल मण्डपका मेनेजर रमेश बुढाथोकीले बताए ।

पोखराको लेकसाइड बजारमा रातको १२.३० बजे भेटिएका काठमाडौ डिल्लीबजारका नवविवाहित जोडी किशोर र आश्मा स्पा गरेर फर्केको बताइरहेका थिए । यहाँको नाइटलाइफ सुरक्षित रहेको महसुस भएको उनीहरूले बताए । नाइटलाइफ आवश्यक छ र नाइटलाइफको नाममा उच्छृंखल गतिविधि कतै पनि हुनुहुँदैन भन्ने उनीहरूको मान्यता छ ।

काठमाडौंको ठमेलको नाइट लाइफभन्दा भिन्दै किसिमको देखिएको यहाँको नाइट लाइफबाट पनि मनग्गे आम्दानी हुने गरेको छ र धेरैले रोजगारी पाएका छन् । त्यसको यकिन आँकडा आउन बाँकी नै रहेको यहाँका होटल व्यवसायीहरूले बताए ।

***- श्याम स्मृत***







# नाङ्गै सुत्दा फाइदैफाइदा



**बिनाकपडा सुत्दा शरीरको तापक्रम कोठाको तापक्रमसँग बराबर हुन्छ। यदि शरीरको तापक्रम कोठाको तापक्रमको बराबर भए एण्टी एजिङ हर्मोन उत्पादनमा वृद्धि हुन्छ। कपडा खोलेर सुत्दा गहिरो लामो समय निन्द्रा लाग्छ। बिनाकपडा सुत्दा शरीरको तापक्रम सामान्य हुन्छ र मीठो निन्द्रा लाग्छ। ६ घण्टाभन्दा बढी सुत्ने मानिसलाई मुटुको बिमारीदेखि मधुमेहको समस्या पनि कम हुन्छ र मानिसहरू थप स्वस्थ हुन्छन्।**

सुत्नुको काइदा जानेमा फाइदा नै हुने गर्दछ । सुत्न नजानेरै धेरैको निन्द्रा बिग्रिने गरेको छ । निन्द्रा खलबलिएपछि अनेकन रोगले आक्रमण गर्न थाल्छ । कतिपय मानिस सुत्ने बेला कपडा फुकाल्न लाज मान्ने गर्दछन् । कोही भने नांगै सुत्नमा नै मज्जा मानिरहेको पनि पाइन्छ । कपडा लगाएर सुत्नेको तुलनामा नलाई सुत्ने बढी स्वस्थ्य र सुन्दर देखिने गरेको पाइएको छ ।

नेपालका कतिपय सेलिब्रेटीहरु नाङ्गै सुत्न बढी मन पराउने गर्दछन् । नाम उल्लेख नगर्ने सर्तमा तीमध्येका एक सेलिब्रेटी त्यसरी सुत्दा शरीर नै चंगा हुने बताउँछन् । यसै वर्ष मात्र विवाह गरेका उनको नवविवाहिता श्रीमतीले भने यस किसिमको शैली मन नपराएको उनले बताएका छन् । जब त्यसको फाइदाको बारेमा उनले भनेपछि उनकी श्रीमतीलाई पनि त्यस कार्य सहज हुन थाल्यो । श्रीमान् नाङ्गै सुते पनि आफू भने अत्यन्त पातलो नाइट गाउन लगाएर सुत्ने गरेको उनले बताएकी छन् ।

एक गैरसरकारी संस्थाकी प्रमुख पनि कपडा लगाएर सुत्ने बानी नै नभएको सहर्ष स्वीकार्छिन् । उनी कपडा लाएर सुत्दा उकुसमुकुस लाग्ने र शरीर ऐठन भएजस्तो हुने अनुभव सुनाउँदै नाङ्गै सुत्दा तन तथा मन दुवै चंगा हुने र गहिरो निन्द्रा लाग्ने सुनाउँछिन् । केही असहज जस्तो लाग्ने नाङ्गै सुत्ने तौरतरिका भए पनि यसरी सुत्नु स्वास्थ्यका लागि फाइदाजनक हुने विभिन्न सोध तथा अनुसन्धानबाट पत्ता लागेको छ ।

अष्ट्रेलियामा गरिएको अनुसन्धानका क्रममा बिनाकपडा सुत्दा अनिन्द्राको समस्याबाट छुट्कारा पाइने पत्ता लागेको छ । त्यसरी सुत्नाले शरीरको तापक्रम नियन्त्रित हुने हुनाले गहिरो निन्द्रा लाग्ने र राति पटकपटक निन्द्रा खुल्ने समस्याबाट समेत छुटकारा पाइन्छ । राति बिनाकपडा सुत्दा शरीरमा कोर्टिजोल नामक स्ट्रेस हर्मोन उत्पादनमा कमी आउँछ । अनुसन्धानका अनुसार राति दुई बजेपछि कोर्टिजोलको स्तर शरीरमा बढ्छ तर बिनाकपडा सुत्नाले यसलाई नियन्त्रण गर्न मद्दत गर्छ ।

बिनाकपडा सुत्दा शरीरको तापक्रम कोठाको तापक्रमसँग बराबर हुन्छ । स्लिप जर्नलमा प्रकाशित अनुसन्धानका अनुसार यदि शरीरको तापक्रम कोठाको तापक्रमको बराबर भए एण्टी एजिङ्ग हर्मोन उत्पादनमा वृद्धि हुन्छ । कपडा खोलेर सुत्दा गहिरो निन्द्रा लाग्नुका साथै धेरै लामो समय निन्द्रा लाग्छ । युनिभर्सिटी अफ वार्विकको शोधकर्ताहरूका अनुसार बिनाकपडा सुत्दा शरीरको तापक्रम सामान्य हुन्छ र मीठो निन्द्रा लाग्छ । ६ घण्टाभन्दा बढी सुत्ने मानिसलाई मुटुको बिमारीदेखि मधुमेहको समस्या पनि कम हुन्छ र मानिसहरु थप स्वस्थ हुन्छन् ।

आफ्नो जीवनसाथीसँग बिनाकपडा सुत्दा सेक्स लाइफ राम्रो हुन्छ । दुईबीच हुने छालाको स्पर्शले शरीरमा ओक्सिटोक्सिन बढ्ने गर्दछ । यसले सेक्स लाइफ राम्रो बनाउन मद्दत गर्ने विज्ञको राय छ ।

# जाँगरिली चमेली

६४ वर्षको चढ्दो उमेरमा पनि निकै जाँगरिली चमेली शाक्यको जीवनशैली पहिलाको भन्दा खासै फरक देखिंदैन । जति उमेर बढ्दै गएको छ, त्यति नै जाँगरिली हुँदै गएकी चमेली काठमाडौं बालाजुस्थित महिला सहयोगी बचत तथा ऋण सहकारी संस्थाकी संस्थापक अध्यक्ष हुन् । सहकारीको संस्थापक अध्यक्ष भएर सात वर्ष काम गरेर हाल उनले उक्त संस्थाको प्रशासनिक तथा आर्थिक जिम्मेवारी कार्यकारी अध्यक्ष रजनी मल्लीलाई सुम्पेकी छन् । सहकारीमा सात वर्ष पूर्णकालीन अध्यक्ष भएर कार्यरत रहँदा कार्यकारी अध्यक्ष मल्लीले शाक्यको सेक्रेटरी भएर कार्य गरेकी थिइन् । त्यस हिसाबले पनि दुवैबीच निकै समन्वय देखिएको छ । प्रत्येक दिन सहकारीमा नपुगे पनि एकदिन बिराएर गई रेखदेख गर्नेदेखि कार्यकारी अध्यक्ष मल्लीलाई आर्थिक तथा प्रशासनिक कार्यमा सल्लाह तथा सहयोग गर्ने कार्य उनीबाट हुँदै आएको छ । 'महिलाका लागि महिलाबाट सञ्चालित' नारा बोकेको उक्त सहकारीलाई शिखरमा पुऱ्याउने कार्यमा उनको दिनरातको मेहनत लुकेको दाबी वर्तमान कार्यकारी अध्यक्ष मल्लीको छ । मल्लीले चमेली शाक्यले महिला सहयोगी बचत तथा ऋण सहकारीको जग हालेर महिलाकै उत्थानमा संस्था क्रियाशील भएर व्यावसायिक सफलता पाएको समेत बताइन् ।

महिलाहरूको हक, हित तथा अधिकारका लागि महिला आफैं कम्मर कसेर लाग्नु पर्दछ । त्यसो भए मात्र महिलाहरूको सामाजिक रूपमा पनि वृत्तिविकास हुने गर्दछ । घरैमा कोचिएर रहँदा कहिले पनि वृत्तिविकास नहुने बताउने चमेली शाक्य हरेक महिलालाई आत्मनिर्भर बनाउने आफ्नो सहकारीको एकमात्र उद्देश्य रहेको बताउँछिन् । यसमा महिला दिदीबहिनीहरूको चासो र काम गरेर कमाउने उद्देश्य हुनुपर्ने धारणा उनले राखिन् । आफै जाँगरिली नभएसम्म आत्मनिर्भर हुन नसक्ने राय पनि उनको छ ।

पश्चिम नेपालको बागलुङमा जन्मेकी शाक्य घरको ४ दाजु तथा ३ दिदीबहिनीमध्ये सबैभन्दा कान्छी हुन् । अरू दाजु तथा दिदीहरूले भन्दा उनले बढी नै पढ्ने मौका पाएकी छन् । त्यसबेला छोरीलाई धेरै पढाउन नहुने आमबुझाइलाई गलत साबित गर्दै उनले अर्थशास्त्रमा त्रिभुवन विश्वविद्यालयबाट एमएसम्मको अध्ययन पूरा गरेकी छन् । त्यसपछि उनले इजरायल गएर त्यहाँबाट इन्ट्रिग्रेटेड रूरल डेभलपमेन्टमा पोष्ट ग्र्याजुयटसमेत गरेकी छन् ।



२०३४ सालबाट नै नेपाल सरकारको जागिरे बनेकी उनले स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा लामो समय तालिम अधिकृत भएर काम गरिन् । हाल सरकारी जागिरबाट अवकाश लिएकी उनको अधिकांश समय महिला सहयोगी बचत तथा ऋण सहकारी संस्थाको कामबाहेक घर-व्यवहारमा नै बढी बित्ने गरेको छ । उनको श्रीमान् बुद्धकुमार शाक्य पनि नेपाल सरकारको रिटायर्ड इन्जिनियर हुन् ।

दुवैबीच प्रेम विवाह भएको हो । दुई छोरा-बुहारीहरू विदेशमा नै रहेकाले कहिलेकाहीं छोराबुहारी तथा नाति-नातिनालाई भेट्न विदेशतिर पनि जाने गरेको उनले बताइन् । उनै चमेली शाक्यकै अगुवाइमा २८ जना महिला दिदीबहिनीको साथबाट स्थापना भएको महिला सहयोगी बचत तथा ऋण सहकारी संस्थामा हाल ८ हजार ५ सय महिला दिदीबहिनीहरूको साथ र सहभागिता रहेको छ । संस्थामा आबद्ध ती महिलाहरूको समृद्धिका लागि विभिन्न कार्य गरिँदै आएको र विपन्न महिलाहरूको उत्थानमा माइक्रो फाइनान्स गर्ने कार्यसमेत भइरहेको उनले बताएकी छन् ।



तस्वीर : आशाकाजी महर्जन

# पल्पसाको पहिचान



बीग बिजनेश वुमनको रूपमा चलचित्र तथा टेलिसिरियलहरूमा खासै पल्पसा डंगोलले अभिनय गरेको पाइँदैन । हास्य सिरियल मेरी–बास्सैले गाउँले धुर्मुसेकी सासू तथा मूला सागकी श्रीमती चम्सुरीको पहिचानमा चुलिएकी पल्पसाको वास्तविक पहिचान बेलुका ६ बजेबाट मध्यरातको १२ बजेसम्ममा देखिने गर्दछ ।

अरू दिनभर काममा व्यस्त भएर रिफ्रेस बन्न रेष्टुरेन्टमा पस्ने बेलामा ती कतिपय रेष्टुरेन्टमा परम्परात मौलिक नेपाली नृत्यको बीग बिजनेश वुमनको रूपमा पल्पसाको बेग्लै पहिचान देख्न पाइन्छ । यसबेला पल्पसालाई मेरी–बास्सैको चम्सुरीभन्दा काठमाडौंका महँगा रेष्टुरेन्टमा परम्परागत नेपाली नृत्य टोलीको हाकिम बनेर नृत्यका कलाकारलाई आवश्यक निर्देशन दिनेदेखि तिनीहरूको जिम्मेवारी बोकेर अत्यन्त व्यस्त बनेर कार्य गरिरहेको भेटिन्छ । ६ घण्टाको अवधिमा काठमाडौं किचेन, लालदरबार, घरबार, ब्रिक क्याफे, गोदावरी रिसोर्ट नामक पाँच वटा रेष्टुरेन्टमा परम्परागत नेपाली मौलिक डान्सको व्यवस्थापन गर्ने कार्यको जिम्मेवारी पल्पसाको हुने गरेको छ ।

नियमित २० जना कलाकारलाई रोजगारी तथा थप ५ जनालाई पार्टटाइम रोजगारी दिन सफल पल्पसाको परम्परागत नेपाली डान्सको व्यापार संचालन गर्नको लागि दुई वटा गाडीको पनि दैनिक प्रयोग हुने गरेको छ । दशैं–तिहारलगायतका विभिन्न पर्व विशेषका बिदामा समेत त्यतिकै खटिएर कार्य गरिरहने पल्पसाको यस बिजनेशबाट मासिक २ लाख जति कमाइ हुने गरेको छ । स्टाफ तथा गाडी भाडालाई मात्र १ लाख ८० हजार खर्चिने पल्पसाले मासिक २० हजार भन्दा बढी जोगाउन सकेकी छैनन् । यसलाई तपाईं मेरो पारिश्रमिक भन्नुस् या तलब दुवै भन्न सक्नु हुन्छ भनेर मुसुक्क हास्ने पल्पसाको कान्तिपुर कल्चर कनेक्सन नामक संस्थाबाट सन् १९९६ देखि हालसम्म अठार वटा देशमा नेपाली कल्चरल डान्सको प्रस्तुति दिइसकेको छ ।

प्रायः श्रीमान् तथा श्रीमती मात्र नाच्ने कठिन भैरव नृत्य पहिलो पल्ट स्लोभानियामा नाचेर बेग्लै छवि कायम गरेकी पल्पसा कुनैबेला होटल सोल्टी, अन्नपूर्ण तथा र्‍याडिसन होटलहरूमा मौलिक नेपाली नाच नाचेर स्वदेशी तथा विदेशीहरूको वाहवाही बटुलिसकेकी छन् । नाचेर तथा नचाएर पनि बाँच्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गर्न यस व्यवसायमा लागेको खुलासा गर्ने पल्पसा मिस नेपाल–१९९५ को प्रतियोगी पनि हुन् । त्यो बेला पल्पसाले ट्यालेन्ट राउन्डमा लोप हुन लागेको मौलिक मञ्जुश्री नृत्य प्रस्तुत गरेकी थिइन् । मिस नेपाल उपाधि प्राप्त गर्न नसके पनि मिस नेपाल–१९९५ को मिस ट्यालेन्ट पक्का भनेर सबैले अनुमान गरिदै गरेको बेला फाइनल राउन्डपछि घोषित नतिजामा मिस ट्यालेन्टमा स्पीच दिनेलाई मिस ट्यालेन्ट बनाएर पल्पसालाई मिस ड्रेस टाइटल अवार्ड आयोजकले प्रदान गर्दा दर्शक मात्र नभई पल्पसाले आफै पनि तीनछक्क पर्नुपरेको त्यो यथार्थ भुलेकी छैनन् ।

टर्चलाइट मुखमा च्यापेर साइकलबाट कीर्तिपुर पाँगाबाट कुनैबेला काठमाडौंमा ओहोरदोहोर गर्ने पल्पसाले ६० हजार तिरेर पहिलोपल्ट स्कुटर खरिद गरेर चढ्नुको अलावा यतिखेर ६० लाखको गाडी चढ्ने हैसियत पनि बनाएकी छन् । नृत्यकै कमाइबाट काठमाडौंमा नै शानदार घर तथा दुई छोरीहरूलाई महंगै स्कुलमा पढाउन पनि सफल पल्पसा नृत्यलाई सामान्य व्यवसाय भन्न चाहँदिनन् । जे–जति कमाई गरें त्यो सबै नृत्यबाटै गरेको बताउने पल्पसालाई बिजनेश वुमन पनि यसैले बनाएको हो ।

तस्वीर : शरद महर्जन



# लुम्बिनीमा बुद्धमाया गार्डेन


भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी केवल बौद्धमार्गीका लागि मात्र हैन मानव संस्कृति, सभ्यता र बुद्धबारे जिज्ञासा राख्ने सम्पूर्णका लागि आकर्षणको केन्द्र बन्दै गएको छ । यस क्षेत्रमा रहेका पर्यटक विश्रामस्थलमध्ये बुद्धमाया गार्डेन रिसोर्ट होटल अग्रपंक्तिमा आउँछ । विश्व सांस्कृतिक सम्पदास्थल सूचीमा सूचीकृत भगवान् बुद्धको जन्मस्थल मायादेवी मन्दिरबाट मात्र १५ मिनेट हिंडाइमा पुग्न सकिने लुम्बिनी र





भैरहवा क्षेत्रको सबैभन्दा ठूलो बुद्धमाया गार्डेन रिसोर्ट होटल नेपालको प्रसिद्ध KGH Hotel समूहले सन् २००२ देखि व्यवस्थापन र सञ्चालन गर्दै आइरहेको छ ।

९ बिगाहा जमिनमा फैलिएको यस होटलमा ८५ वटा वातानुकूलित सुविधासम्पन्न कोठाहरु, कन्फरेन्स हल, ठूलो फायर प्लेससहितको रेस्टुरेन्ट बार छ भने होटलको आफ्नै ध्यानकक्ष र बुद्ध मन्दिर रहेको छ । यस होटलको विशेषता भनेको यहाँ हर्रो, बर्रो, निम, साख आदि बुद्धकालीन रूखहरुरोपिनुका साथै मायादेवी मन्दिरमा रोपिएको एतिहासिक बोधिवृक्षबाट टिस्युकल्चर गरी उत्पादन गरिएका वृक्ष रोपिएको छ, जसको ठीक सामु चैत्यको रूपमा जमिनमा माटो खनेर विशाल कमल पोखरी निर्माण गरिएको छ । यस्तो जलचैत्य अन्त कतै बनेको छैन ।









यहाँ सीता, इन्ट्रापिट र रोयल माउन्टेनजस्ता ट्राभल कम्पनीहरूले धेरैजसो विदेशी मूलका पर्यटकहरु यही होटलमा मात्र ल्याउँछन् र बौद्धमार्गी पर्यटकहरु नेपाल, भारत र थाइल्यान्डका एजेन्टहरूका माध्यमबाट आउँछन् । होटलमा बस्न आउने पर्यटकमध्ये १५ प्रतिशत नेपाली हुने गरेको छ ।

होटलभित्र पस्नासाथ राष्ट्रिय निकुञ्जभित्र पसेजस्तो अनुभव हुने गर्दछ । कोठाहरु पनि धेरै राम्रो बनाइएको छ । प्रकृति र पर्यटकको समिश्रणले एउटा अलग्गै वातावरण सिर्जना भएको छ ।



On couple basis for one day and one night stay:
For Foreigners approx. rate : USD 80 - 120
For Nepalese approx. rate : Rs. 4,000 - 5,000

Contact :
Kathmandu : Satish Shrestha (9801033107)
Lumbini : Budhi Thapa (9802643100)

















काठमाडौं दरबारमार्गस्थित फाइभ स्टार होटल याक एन्ड यती परिसरमा अवस्थित भवन नै लालदरबार हो । यो तत्कालीन राणा प्रधानमन्त्री वीर शमशेरले स्थापना गरेको भव्य दरबार हो । रेड प्यालेसको नामले समेत युरोपमा प्रसिद्धि पाएको लालदरबार भवनकै नामबाट होटल याक एन्ड यतीमा लालदरबार रेष्टुरेन्ट संचालित छ । विदेशी माझ याक एन्ड यतीले फाइभ स्टार होटलको बेग्लै पहिचान कायम गरेजस्तै त्यो पहिचानलाई पुट दिने बेग्लै अस्तित्वमा रहेर लालदरबार रेष्टुरेन्टले गरिरहेको दाबी उक्त रेष्टुरेन्टका प्रबन्ध संचालक एवम् निर्देशक वीरेन्द्र दवाडीको छ । विशेषतः केही वर्षअगाडिसम्म लालदरबार रेष्टुरेन्ट होटल याक एन्ड यतीमा आउने संभ्रान्त स्वदेशी तथा विदेशी पाहुनाहरूमा लक्षित थियो । समयको फेरबदलसँगै याक एन्ड यती बाहेकका पाहुनाहरूलाई पनि सेवा पुऱ्याउने कार्य हुन थाल्यो । कहिले बैंकिङ तालिम तथा सेमिनार त कहिले विभिन्न महँगा नेपाली कलेजका ओरेन्टेसन कार्यक्रमहरु लालदरबारमा नै हुने गरेको छ ।

प्रायः स्वदेशी तथा विदेशी पाहुनाहरूको भीडभाडले यसको गरिमा बढाइरहेको पाइन्छ । मौलिक नेपाली खानाको लागि स्वदेशी तथा विदेशीले अत्यन्त रूचाइएको लालदरबारमा खानाको साथमा मौलिक लाखे, धिमे, शेर्पा,

# स्वाद र समृद्धिको संगम
# लालदरबार रेष्टुरेन्ट







तस्वीर : शरद महर्जन





धिमाल, तामाङ सेलोलगायतका नृत्य हेर्न पाइन्छ । जसबाट एकातिर नेपाली खानाको प्रवर्द्धन भइरहेको देखिएको छ भने अर्कोतिर लोप हुन लागेको परम्परागत नेपाली कला तथा संस्कृतिको उत्थान पनि भइरहेको छ ।

राणाकालीन कलात्मक परिवेश बोकेको नेपाली कथानक चलचित्र प्रेमपिण्डदेखि वसन्तीसम्म सुटिङ भएको लालदरबार ग्यालरीसँगै जोडिएको लालदरबार रेष्टुरेन्टमा नेपाली जोडी यहाँको खानाको स्वाद लिन खल्तीमा एक हजार पाँचसयदेखि बढीमा दुई हजार पाँचसय बोकेर गए पुग्छ । नेपाली परम्परात समयबजीबाट स्वागत गरिने खानामा च्याउ तारेको, गहुँको रोटी साथमा राजमा, मम, क्वाँटी, सादा भुजा, दाल भानेको, खसी तथा कुखुराको मासुको बेग्लै स्वाद र परम्परागत रक्सी ऐलाको छुट्टै मज्जा पाइने भएकोले पनि यो रेष्टुरेन्ट सबैको रोजाइको रेष्टुरेन्ट बन्न सफल भएको पाइन्छ ।

**लालदरबार रेष्टुरेन्ट**

होटल याक एन्ड यती, दरबार मार्ग, काठमाडौं,
फोन नम्बर : ४२४०५२०





Mode

Shyam S. S
Sabina Al
&
Binod Ma

Photogr

Sharad Ma
(Dream Snapper Pho

Make Up

Ganga Sh

WHITE
Jent's Fash

Shop No. C5,
New Road Compl
Kathmandu

dels

. Shrestha
Ale Magar
&
Maharjan

grapher

Maharjan
Photography Studio)

p Artist

Shrestha

E LION
shion Wear

C5, 2nd Floor
nplex, New Road
ndu, Nepal





रहन–सहन र आहारको पनि सही नियम बनाउन आवश्यक छ। डण्डिफोरबाट बच्न नियमित फेशियल गर्न पनि अत्यन्त आवश्यक छ। यसको लागि यसको उचित तालिमप्राप्त अनुभवी ब्युटीसियनबाट फेशियल गराउने कार्य गर्नुपर्दछ ।

• **रमिता श्रेष्ठ**, ब्युटी एक्सपर्ट

# डण्डिफोरबाट बच्न नियमित फेशियल

**विश्लेषत:** प्रायः युवा-युवतीको अनुहारको समस्यामा डण्डिफोर नै देखिएको छ । डण्डिफोरले किशोर अवस्थाबाटै सताउने गरेको पाइन्छ । शारीरिक संरचनाको परिवर्तन सँगसँगै देखिने एक प्रकारको स्वाभाविक समस्याको रूपमा लिइने डण्डिफोरले धेरैलाई दिक्क नै पार्ने गरेको पाइएको छ ।

डण्डिफोरबाट मुक्ति पाउनको लागि अनेकन प्रसाधन प्रयोग गरेर थप समस्या खडा गर्ने कार्य समेत जानि-नजानिकन पनि भैरहेको हुन्छ । जसबाट समयको नाश तथा व्यर्थमा पैसाको बर्बादी र डण्डीफोरको समस्या यथावत भएबाट थप मानसिक तनाव मात्र सिर्जना हुने गर्दछ । सुत्नुअघि र बिहान





बाहिर कतै जानेबेला सफा पानीबाट अनुहार धुने वा क्लिजिङ्ग वा निम फेस वासले धुने गर्दा डण्डिफोरबाट सामान्य ढंगबाट सजिलै मुक्ति पाउन सकिन्छ ।

त्यसको आफ्नो अनुहारको छालाको पनि राम्ररी ख्याल गर्नुपर्दछ । रहन-सहन र आहारको पनि सही नियम बनाउन आवश्यक छ । डण्डिफोरबाट बच्न नियमित फेशियल गर्न पनि अत्यन्त आवश्यक छ । यसको लागि यसको उचित तालिम प्राप्त अनुभवी ब्युटीसियनबाट फेशियल गराउने कार्य गर्नुपर्दछ ।

## अनुहारको डण्डिफोरबाट बच्न गरिने फेशियलको विधि

१. सफा पानीले अनुहारको छालालाई सफा गर्ने ।

२. मिन्ट फेशियल क्लिजिङले हल्का क्लिजिङ गर्ने ।

३ आवश्यकता अनुसार हाई-फ्रिक्वन्सिको प्रयोग गर्ने ।

४. स्किन टोनरको प्रयोग गर्ने ।

६. फेशियल जेलको प्रयोग गर्ने । हल्का मसाज गर्ने र त्यसको १० मिनेट पछि सफा पानीले धुने ।

७. कोल्ड कम्प्रेसन अर्थात् चिसो बाफ दिने ।

८. निम एन्ड मिन्ट फेस प्याकको प्रयोग गर्ने ।

९. छालाको प्रकार हेरेर घामबाट बच्ने, मोस्चराइजर वा जेलको प्रयोग गर्ने ।



## जान्नै पर्ने कुरा

- छालाको प्रकार हेरेर महिनाको १ पटक फेशियल गर्नुपर्दछ ।
- घाममा जानुअघि छाता, सन ग्लास र मास्कको प्रयोग गर्नु हुँदैन ।
- दिनहुँजसो फाउन्डेसनको पनि प्रयोग गर्नु हुँदैन ।
- डण्डीफोर आएको अनुहारमा नङ्ले कोट्याउने कहिले पनि गल्ती गर्नु हुँदैन ।
- दैनिक कम्तिमा ८ गिलास र बढीमा १० गिलास पानी पिउनु पर्दछ ।
- चिल्लो-पिरो खाना सकभर कम खाने ।
- दैनिक ८ घण्टा सुत्नु आवश्यक छ ।
- आवश्यक भएको खण्डमा अनुहारमा तातो पानीको बाफ लिने ।







# चार पाङ्ग्रेमा आकर्षण

नेपालीहरूमा केही वर्ष अगाडिसम्म दशैं-तिहार जस्ता विशेष पर्वहरूमा बढी मात्रामा नयाँ लुगाफाटा किन्ने प्रचलन थियो । हाल विस्तारै त्यसमा परिवर्तन हुन थालेको छ । नयाँ लुगाफाटाका अलावा नयाँ सामान जोड्ने परम्पराको विकास हुन थालेको छ । पर्वको बेलामा विभिन्न छुट तथा फाइनान्स सुविधा पनि हुने भएकोले हुनेखानेले क्यासमा र नहुने कतिपयले फाइनान्समा भए पनि चार पाङ्ग्रे सवारी साधन खरिद गर्ने लहर चल्न थालेको छ ।

चार पाङ्ग्रे सवारी साधनका विक्रेताहरु पनि नेपालीहरूको क्रयशक्ति बढ्नाले ती साधनको बिक्रीमा होडबाजी नै हुन थालेको छ । उनीहरूका अनुसार यो वर्षको मध्यसम्म दशैं-तिहारसम्ममा आइपुग्दा चार पाङ्ग्रे सवारीको व्यापार शतप्रतिशतले वृद्धि हुन थालेको छ । नेपाल अटोमोबाइल डिलर्स एसोसियसनले केही समयअघि आयोजना गरेको 'नाडा अटो सो २०१४' मा यसको व्यापार दोब्बर हुन गएबाट अटो व्यापारीहरूमा थप उत्साह र ऊर्जा थपिएको महसुस गरिएको छ ।

नाडाका उपाध्यक्ष एवम् लक्ष्मी इन्टरकन्टिनेन्टलका प्रवन्ध निर्देशक अन्जन श्रेष्ठ नाडा अटो-शोमा एकै थलोमा उपभोक्ताहरूले मनपर्ने सवारी साधन छान्ने मौका पाउने भएबाट यस्ता प्रदर्शनीबाट व्यापारमा निक्कै सहयोग गर्ने गरेको स्वीकार्छन् । त्यसमाथि सहज बैकिङ्ग सुविधा तथा सडक विस्तार र उपभोक्ताको क्रयशक्तिमा आएको वृद्धिले पनि चार पाङ्ग्रे सवारीसाधनको व्यापारमा उत्साहजनक प्रगति भएको श्रेष्ठ बताउँछन् ।

अर्कोतर्फ विभिन्न बैंकले सस्तो दरमा अटो लोन पनि प्रदान गर्न थालेयता चार पाङ्ग्रे साधन किन्ने उपभोक्ताहरूलाई सजिलो पारेको श्रेष्ठ भन्छन् । आर्थिक वर्ष २०७०-०७१ मा यातायात व्यवस्था विभागमा दर्ता भएका सवारी साधनमा कार, जीपजस्ता चार पांग्रे हलुका सवारी साधनको अघिल्लो आर्थिक वर्षको तुलनामा १८ प्रतिशतले वृद्धि भएको विभागको आँकडाबाट देखिएको छ ।

### बैंकको सस्तो अटो लोन

स्टान्डर्ड चार्टर्ड बैंकले सबैभन्दा सस्तो दरमा अटो लोन दिइरहेको छ । चार पाङ्ग्रे सवारी साधन लिन चाहने ग्राहकले स्टान्डर्ड चार्टर्ड बैंकबाट ७ दशमलब ३९ प्रतिशत ब्याज दरमा अटो लिन सक्छन् । त्यस्तै, लक्ष्मी बैंकले अटो लोनको ब्याज दर ७ दशमलब ५ प्रतिशत, मेगा बैंकले ७ दशमलब ७५ प्रतिशत र सानिमा बैंक, प्रभु बैंक र एनआईसी एसिया बैंकले ७ दशमलव ९९ प्रतिशत अटो लोन तोकेका छन् ।

यी विभिन्न बैंकका सस्तो अटो लोनले गर्दा चार पाङ्ग्रे सवारीसाधन किन्नेहरूको आँटमा बृद्धि भैरहेको अटो व्यवसायी श्याम सुन्दर प्रधान बताउँछन् । बैंकको सस्तो अटो लोनबाटै गत महिना मात्र टोयोटा क्रस कार किनेको भैरहवाका व्यापारी रोश भण्डारी सगौरव बताउँछन् ।

अधिकांश बैंकहरूले ऋणको भुक्तानी अवधि ५ देखि ८ वर्षसम्मको तोकेका छन् । त्यस्तै, बैंकहरूले शून्य दशमलब ५ प्रतिशतदेखि एक प्रतिशतसम्म प्रोसेसिङ चार्ज भनेर लिने गरेका छन् । सवारी साधनको





मूल्यको असी प्रतिशतसम्म अटो लोन दिने कार्य भएको मेगा बैंकका सहायक सम्पर्क अधिकृत सुवर्ण कुँवर बताउँछन् ।

## हुन्डाई उत्साहजनक बिक्री

हुन्डाई गाडीको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले पछिल्लो एक महिनामा पाँच सय वटा गाडी बिक्री गरेको छ । अरू बेला सामान्यतयाः महिनाको दुई सय वटा गाडी बिक्री हुने गरेकोमा यो वर्ष दसैंअघिको महिनामा यो संख्या बढेर पाँच सय पुगेको कम्पनीले जनाएको छ ।

पछिल्लो महिनामा हुन्डाईको ग्रान्ड आइ टेन, एक्सेन्ट र इयोन गाडी उपभोक्ताले बढी रूचाएको कम्पनीले उल्लेख गरेको छ । कम्पनीले दशैं-तिहार तथा छठ पर्वलाई लक्ष्य गर्दै सुरूवात गरेको मिस्सी बादशाह एक्का योजना र पाँच लाखसम्मको नगद छुटले पनि यस वर्ष व्यापार बढेको कम्पनीको अनुभव छ ।

कम्पनीले नेपाली बजारमा हुन्डाईका इयोन, स्यान्ट्रो, आइ टेन, आइ ट्वान्टी, इलान्ट्रा, सोनाटालगायतका कार तथा सान्टा फे, टक्सनजस्ता एसयुभी गाडीहरु बिक्री गरिरहेको छ । नेपाली चारपांग्रे बजारमा हुन्डाईको ३५ प्रतिशत हिस्सा रहेको कम्पनीको दाबी छ।

## स्कोडामा डाउन पेमेन्ट

नेपालमा स्कोडा गाडी बिक्री गर्दै आएको मोरङ अटो वर्क्सले पनि एक महिनाको अवधिमा ४५ वटा भन्दा बढी गाडी बिक्री गरेको जनाएको छ । दशैंको समयमा व्यापार दोब्बर भएको कम्पनीले जनाएको छ । यस अवधिमा स्कोडा गाडी ४० वटाभन्दा बढी बिक्री भएको कम्पनीका बिजनेस हेड सुरज मानन्धरले बताएका छन् । पेट्रोल, डिजेल दुवैबाट चल्ने यो गाडीको सुरूवाती मूल्य ३३ लाख २५ हजार रहेको छ । कम्पनीले नाडा अटो शोदेखि दशैं, तिहार तथा छठ पर्वका लागि ३ लाख ३३ हजार डाउन पेमेन्टमा र्‍यापिड स्कोडा गाडी उपलब्ध गराउने गरेको छ ।

## रूचाइएको मारूती सुजुकी

मारूती सुजुकीको नेपालका लागि आधिकारिक बिक्रेता सिजी मोटोकर्पले पनि एक महिनाको अवधिमा एक सय भन्दा बढी संख्यामा मारूती सुजुकी सेलेरियो विक्री गरेको छ । हालै मात्र कम्पनीले नाडा अटो सोको अवसरमा सार्वजनिक गरेको मारूती सुजुकी सेलेरियो उपभोक्ताले निकै रूचाएको कम्पनीका बजार प्रबन्धक भक्त कटुवालले बताए। नौ सय ९८ सीसी इन्जिन क्षमता रहेका ह्याचब्याक सिरिजको यो कारले अझै राम्रो बजार लिने कंपनीको दाबी छ । यसबाहेक मारूती सुजुकीका स्विफ्ट, न्यू वागेनर, अल्टो ८०० लगायतका उत्पादन पनि पर्याप्त संख्यामा विक्री भएको कंपनीले जनाएको छ ।

## फक्सवागनमा आकर्षण

दशैं-तिहार तथा छठ पर्व जस्ता विशेष पर्वमा फक्सवागनको गाडीको विक्री पनि बढेको पाइएको छ । दशैं-तिहारको एक महिनाको अवधिमा ४ सय वटा बिक्री भएको नेपालका लागि आधिकारिक बिक्रेता पूजा इन्टरनेसनलले जनाएको छ । विगतका वर्षहरूमा मासिक एक सयको संख्यामा गाडी विक्री गर्दै आएको कम्पनीले हालै भने एक हप्तामै एक सय वटा गाडी बिक्री गरेको छ । कम्पनीका बजार प्रबन्धक सरिक बोगटीले फक्सवागनको पोलो र भेन्टो ग्राहकले धेरै रूचाएको बताए ।

# ब्ल्याकबेरीको अनौठो साइजको स्मार्टफोन

क्यानेडियन मोबाइल फोन ब्राण्ड ब्ल्याकबेरीले अनौठो साइजको स्मार्टफोन सार्वजनिक गरेको छ । साढे चार इन्चको स्क्वायर साइजको नयाँ स्मार्टफोन हालै टोरन्टो, लण्डन र दुबईमा एकसाथ सार्वजनिक गरिएको छ । कम्पनीको प्रमुख कार्यकारी अधिकृतका रूपमा जोन चेनले गत नोभेम्बरमा नेतृत्व लिएपछि पहिलोपटक गरिएको नयाँ स्मार्टफोन नयाँपन भनेकै यसको अनौठो साइज हो ।

यो फोनमा फिजिकल कि बोर्ड पनि छ र टच स्क्रिनमा पनि किबोर्ड प्रयोग गर्न मिल्छ । जसका कारण पासपोर्ट निकै नवीन उत्पादन बनेको प्रबिधि बिश्लेषकहरूले टिप्पणी गरेका छन् ।

बिजनेसम्यान तथा सरकारी कर्मचारीलाई लक्षित गरेर ल्याइएको यो फोनमा माइक्रोसफ्ट अफिस पनि संचालन गर्न सकिन्छ । यसको सफलतासँगै पासपोर्ट २ का लागि पनि काम थाल्ने बताइएको छ । यसमा १३ मेगापिक्सेलको क्यामेरा, ३ जीवी याम, ३२ जीवी इन्टरनल मेमोरी, १४४० रेजुलेसनको स्क्रिन डिस्प्ले, १०८० पिक्सेलको एचडी भिडियो रेकडिङ र ३० घण्टासम्म टिक्ने ब्याट्री राखिएको छ । यसको मूल्य अमेरिकामा ६ सय डलर पर्ने बताइएको छ ।




## चिनियाँ मोबाइल ह्वा वै उत्कृष्ट

चिनियाँ टेलिकम्यूनिकेसन प्रविधि तथा स्मार्टफोनको निर्माता कम्पनी ह्वा वै सय उत्कृष्ट इन्टरब्रान्ड लिष्टमा पर्न सफल भएको छ । इन्टरब्रान्ड कन्सलटेन्सीले अक्टोबर ९ मा सार्वजनिक गरेको 'बेष्ट ग्लोबल ब्रान्ड' रिपोर्टमा ह्वा वै ९४औं स्थानमा पर्न सफल भएको छ । चिनियाँ इतिहासमै पहिलो पटक ह्वा वै विश्वका उत्कृष्ट सय ब्रान्डभित्र परेको हो ।

सन् २०१४ को पहिलो क्वार्टरदेखि बिक्री बढ्दो क्रममा रहेको, हाल विश्वभरि २० प्रतिशत बजार हिस्सा रहेको र २०१४ को उत्कृष्ट विश्वव्यापी ब्राण्डहरूमा स्थान बनाउन सफल ह्वा वै पूर्ण गतिमा अघि बढिरहेको छ । इन्टरब्रान्डका प्रमुख कार्यकारी जेज फ्रेमप्टनले हुवावेको तीव्र विकास आफ्नो ब्राण्डमा भएको दीर्घकालीन लगानीले गर्दा भएकोले विश्वको सबैभन्दा उत्कृष्ट ब्राण्डहरूमा आफ्नो स्थान बनाउन सफल भएको बताएका छन् । युएसमा आफ्नो न्यून ब्राण्ड जागरूकता भए पनि ह्वा वैले विश्वभरि नै आफूलाई विस्तार गर्न सफल भएको छ ।

ह्वा वै ४ हजार ३ सय १३ मिलियन डलर बराबरको ब्राण्ड हो, जसले आफूलाई पश्चिमी बजारमा अग्रणी ब्राण्डहरूमध्ये एक ब्राण्डको रूपमा उभ्याउन सफल भएको छ । ल्याटिन अमेरिका र सेन्ट्रल एशियामा पनि तीव्र रूपमा बजार अग्रणी बन्दै क्यानडामा मुख्य ब्राण्ड बन्न सफल भएको बताइएको छ ।

## चिसो अनुभव दिने सामसुङ ग्यालेक्सी ए फाइभ



सामसुङले ग्यालेक्सी ए फाइभ स्मार्टफोन ल्याउने तयारी गरेको छ । जसलाई हातमा समात्दा चिसो अनुभुति हुनेछ । जुन उक्त फोनमा चिसो कुनै धातु हुनेछैन । ग्यालेक्सी ए फाइभ विशेष खालको पदार्थबाट बनाइनेछ । ग्यालेक्सी ए फाइभ सेट गुणस्तरीय हुनुका साथै मूल्य पनि कम हुने बताइएको छ ।

यस्तो कम मूल्यको पदार्थ सिसा हुने अनुमान गरेतापनि उत्पादकले सिसा नहुने भनिसकेको छ । सार्वजनिक भएका कतिपय अनुमानित तस्वीरहरूले ए फाइभको धातुको घेरा हुने देखाउनुले पनि यो स्मार्टफोनको अरू बडी धातुइतर हुने सहज अनुमान गरिएको छ ।ग्यालेक्सी ए फाइभ मध्यम मूल्यको स्मार्टफोन हुने बताइएको छ । जसमा ५ इन्चको एच डी सुपर एमोलेड डिस्प्ले हुनेछ । यसमा स्नापड्रागन ४०० प्रोसेसर हुनेछ । यसमा १३ मेगापिक्सेलको पछाडिको क्यामराका साथै ५ मेगा पिक्सेलको अगाडिको क्यामरा हुनेछ । १६ जीबी स्टोरेज क्षमता २,३३० मिलिएम्पियरको ब्याट्री समेत यसमा हुनेछ ।

*pictures beyond your imagination...*

*Make your Wedding day ...*
*a day to Remember with*

तस्वीर the studio

Get Free photoshoot and 2 enlarged photo print (8x12 size)

*Remember us for*
*Wedding Photography,*
*Videography,*
*live video and*
*other any programs*



Also specialized making Photo books.

Bagbazar Plaza, Bagbazar, Kathmandu, NEPAL
Tel: +977-1-4245493
Mail: info@tasveer.com.np, Web: www.tasveer.com.np



## शुभकामना

नेपालीहरुको महान् चाड बडा दशैं, इद,
तिहार तथा छठका उपलक्ष्यमा हार्दिक शुभकामना
व्यक्त गर्दछौं । नेपालीको संविधान, शान्ति, समृद्धि
प्राप्त गर्ने चाहना पूरा होस् भन्ने कामना पनि गर्दछौं ।

**नेपाल फलफूल थोक व्यवसायी संघ तथा**
**समस्त फलफूल व्यवसायी परिवार**
**केन्द्रीय कार्यालय, कुलेश्वर, काठमाडौं**



## शुभकामना

शुभ दीपावली २०७१ सालको
पावन अवसरमा सम्पूर्ण शेयर सदस्य तथा
शुभचिन्तक महानुभावहरुमा सुस्वास्थ्य, दीर्घायु
एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

**रजनी मल्ली**
**कार्यकारी अध्यक्ष**
**एवम्**
**महिला सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.**
**बालाजु, काठमाडौं, फोन : ०१-४३८७०३१**
Email: wscl2056@gmail.com, Website: www.mahilasahayogi.com

# कान्छी बन्ने होड






बलिउडका कमाउ नायिकाहरूको वास्तविक जीवन फिल्मी अभिनय जस्तो हुन सकेको पाइँदैन । फिल्ममा निक्कै तामधाम तथा आदर्श अभिनय गर्ने ती नायिकाहरू प्रायः विवाहिता या डिभोर्सी धनाढ्य पुरूषका कान्छी भएर बसेको पाइन्छ । त्यसरी कान्छी बनेर भित्रिने नायिकामा कुनैबेला एसियाकै सुन्दरी नायिकाको ताज समेत पहिरेकी करिना कपुर पनि हुन् ।

नायक साहिद कपुरसँगको असफल प्रेमपछि करिनाको हिमचिम अर्का नायक सैफ अलि खानसँग भएको थियो । दुवैले केही वर्षअगाडि मात्र विवाह गरे । सैफकी कान्छी बनेकी करिना सैफबाट निक्कै सन्तुष्ट पनि देखिएकी छन् । सैफबाट चाँडै आमा बन्ने करिनाको सोच रहेको छ । त्यो उपयुक्त समय कहिले हो भनेर यकिन गर्ने कार्य उनले सार्वजनिक गरेकी छैनन् । सैफ विवाहित तथा दुई बच्चाको बाउ समेत हुन् । आफूभन्दा ११ वर्षले जेठी नायिका अमृता सिंहसँगको सैफको विवाह भए पनि असमझदारीले गर्दा दुवैको विवाह १३ वर्षभन्दा अगाडि बढ्न सकेन । अमृतासँग सैफको डिभोर्स भएपछि करिनाले विवाह गरेकी हुन् । सैफभन्दा कम उमेरकी करिनालाई भित्र्याएका सैफ पहिलो विवाह असफल भए पनि करिनासँगको दाम्पत्य जीवन सफल हुने कुरामा विश्वस्त देखिएका छन् ।

सर्वाधिक सफल फिल्म 'डर्टी पिक्चर'की नायिका विद्या बालनको विवाह पनि सेकेन्ड ह्याण्ड पुरूषसँगै भयो । विद्या बालन पनि कसैको कान्छी बनेर भित्रिइन् । युटीभीका बिजनेश पर्सन सिइओ सिद्धार्थ रोय कपुरसँग डर्टीपिक्चर हिट भएकै वर्ष विद्याले बिहे गरेकी थिइन् । सिद्धार्थ रोय कपुरको विद्या बालन तेस्रो पत्नी हुन् । यसअघि जेठी र माइलीसँग उनको डिभोर्स भइसकेको छ ।





अमिताभ बच्चन पुत्र अभिषेक बच्चनसँग टिकोटालो गरे पनि विवाह नभएपछि बलिउडकै व्यापारी सन्जय कपुरसँग करिश्मा कपुरको विवाह भएको थियो । करिश्माको सन्जयसँगको पहिलो विवाह भए पनि सन्जयको करिश्मासँग दोस्रो विवाह हो । यसअघि सन्जयको फेशन डिजाइनर नन्दिता महटानीसँग विवाह भएको थियो । नन्दितासँग डिभोर्स गरेपछि सन्जयले करिश्मासँग विवाह गरे पनि यी दुईको दुई सन्तान भइसकेको छ । यसअवधिमा आएर दुवैबीचको सम्बन्धमा दरार आएको बताइन्छ । चाँडै दुवैले डिभोर्स गर्न लागेको हल्ला पनि आइरहेको छ ।

कान्छी बन्ने होडमा अर्की नायिका महिमा चौधरी पनि देखिएकी छन् । महिमाले पनि डिभोर्सी व्यापारी बबी मुखर्जीसँग विवाह गरेर बबीकी कान्छी बनेकी हुन् । बबी डिभोर्सी भए पनि एक छोरा उनीसँगै भएकोले महिमा र उनको घरझगडा बढेकोले दुवैबीच डिभोर्स हुनसक्ने संकेत भारतीय संचार माध्यमहरूले बेला-बखतमा प्रकाशमा ल्याइरहेका छन् ।

बलिउडका चर्चित नायक अक्षय कुमार र नायिका रविना टण्डनको स्थिति भने अलि बेग्लै रहेको छ । रविनाको अक्षय कुमारसँग विवाह गर्नुअघि उनले प्रसिद्ध फिल्म वितरक अनील थाडानीसँग विहे गरेकी थिइन् । थाडानीसँगको असफल वैवाहिक सम्बन्धबाट विरक्तिएर अक्षय कुमारसँग दोस्रो विवाह गरेका हुन् ।

नायिका अमृता अरोराले पनि डिभोर्सी व्यापारी साकेलसँग विवाह गरेर उनकै कान्छी बनेर हाल बच्चा हुर्काउन यी नायिका व्यस्त बनिरहेकी छन् । अर्की चर्चित नायिका शिल्पा सेट्टी पनि अर्का बलिउडकै धनाढ्य राज कुन्दाको कान्छी बनेर भित्रिएकी थिइन् । राजको शिल्पासँग हिमचिम बढेपछि राजले पहिलो पत्नी कवितासँग डिभोर्स गरेर शिल्पासँग दोस्रो विवाह गरेका थिए ।

कुनैबेला निक्कै चर्चामा रहेकी मिस वर्ल्ड समेत बनेकी नायिका लारा दत्तको रोजाइ पनि सेकेण्ड ह्याण्ड हुन पुग्यो । लारा प्रसिद्ध भारतीय टेनिस खेलाडी महेश भुपतीकी कान्छी बनेर भित्रिएकी हुन् । महेशले लारालाई भित्र्याउनुअघि पहिलो पत्नी सविता जयशंकरलाई डिभोर्स दिएका थिए । बलिउडका नायिकाहरू एकपछि अर्को गरेर कसैको कान्छी हुनुको पछाडि अरू केही कारण नभएर उनीहरूसँग विवाह गर्ने आँट र हैसियत अरूमा नभएर पो हो कि भन्ने आशंका पैदा भएको छ ।

नायिका भएपछि बढी नै हाइफाइ तथा हाइस्टाण्डर्डको लाइफ स्टाइलले गर्दा पनि सोचेजस्तो बर नपाउनु र खोजेजस्तो नपाइनाले बाध्य भएर सेकेण्ड ह्याण्ड पुरूषको कान्छी श्रीमती बनेर भित्रिन बाध्य बन्नु परेको हुनुपर्ने यथार्थता बेला-बेलामा प्रकाशमा आउने गरेको छ ।



# सेक्स टोयजप्रति आकर्षण

विशेष गरेर हलिउडका अविवाहित महिला तथा पुरुष कलाकारले सेक्स सन्तुष्टि प्राप्त गर्नका लागि सेक्स टोयज स्टोरमा खुलेआम सेक्स टोयज खरिद गरेर तिनको प्रयोग गर्ने गर्दछन् । अविवाहितका लागि सेक्स टोयज आवश्यकताको वस्तुको रूपमा पनि लिइने गरेको छ ।

हलिउडका कतिपय पोर्न फिल्महरूमा सेक्स टोयज प्रयोग भएको देखाइने गरेको छ । यसले गर्दा संसारभर हाल सेक्स टोयजको व्यापक रूपमा मार्केटिङ भइरहेको पनि पाइएको छ । यसै सन्दर्भमा गत सेप्टेम्बर महिनामा मात्र विवाह गरेका हलिउडका नायक इआन समरहल्डर र नायिका निकी रिडले सेक्स टोयज एक सेक्स टोयज स्टोरबाट खुलेआम खरिद गरेर हल्लीखल्ली मच्चाएका छन् ।

विवाह भएको पछिल्लो हप्तामा दुवै क्यानडाको टोरेन्टो शहरमा रहेको सेक्स स्टोरमा पुगेर त्यहाँबाट इरोटिक खालको सेक्स टोय खरिद गरेका थिए । उनीहरूले त्यसरी सबैको सामुन्ने आफूहरूको प्रयोगको लागि नै त्यस सेक्स टोय खरिद गरेको बताएपछि त्यस स्टोरमा आएका सर्वसाधारण तथा स्टोरका कर्मचारीहरु समेत तीनछक्क बनेका थिए ।

विवाहपश्चात् हनिमुनको नाममा बढी नै घुमफिर गरिरहेका यी जोडीले चर्चाको लागि भन्दा आफूहरूको आवश्यकताले सेक्स टोय खरिद गरेको बताएका छन् । सेक्स टोय कतिपय अवस्थामा विवाहिता जोडीले पनि प्रयोग गर्न जरूरी हुने गर्दछ । अविवाहिताले मात्र सेक्स सन्तुष्टिको लागि प्रयोग गरिने माध्यम नभई विवाहिताहरूको लागि पनि आवश्यक प्रसाधन भएको उनीहरूको बुझाइ छ ।

'कतिपय अवस्थामा सेक्स टोय हामीले जरूरत जसो मान्यौ र हाम्रै प्रयोगको लागि खरिद गर्‍यौं', उनीहरूले भने- 'यसमा कसैले पनि टाउको दुखाउन आवश्यक नभएको र आवश्यक परेमा तपाईं विवाहिताले पनि लाज नमानी खरिद गर्न सक्नुहुन्छ ।'



शुभकामना

शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । नेपालीको संविधान, शान्ति, समृद्धि प्राप्त गर्ने चाहना पूरा होस् भन्ने कामना पनि गर्दछौं ।

**सुशील जगनानी (अग्रवाल)**

**अध्यक्ष**
**गान्धी इन्टरनेशनल मिसन नेपाल**
**परिवार**



क्याप्टेन वेद उप्रेती

# सिंगापुरको सिंगारपटार

लण्डनमा भएको 'लण्डन आई'जस्तै सिंगापुरले 'सिंगापुर फ्लायर' सन् २००८ मा बनायो, जहाँबाट सिंगापुर शहरको चारैतिर हेरेर राम्ररी मज्जा लिन सकिन्छ । एसियन सिभिलाइजेसन म्युजियम पनि सिंगापुरको एक आकर्षण हो ।

नेपालीहरु खासगरी रोजगारीका लागि नेपाल बाहिर जाँदा त्रिभुवन विमानस्थल, काठमाडौंमा कति दुःख पाइरहेका हुन्छन् । यो पंक्तिकार काठमाडौंबाट उडेपछि पनि २-३ दिनसम्म मानसपटलमा रहिरहने गर्दछ । लामो पंक्ति, अनावश्यक केरकार र अनावश्यक कागजपत्रले एउटा गाउँबाट आएर विदेशमा गएर नोकरी गर्नेहरु विमानस्थल कर्मचारीका सिकार बन्ने गर्दछन् । हाम्रो विमानस्थलमा हुने सास्ती खेपेर नयाँ मुलुक पुगेपछि प्रत्येक नेपाली अचम्म पर्ने गर्दछन् ।

उडान र समुलेटर तालिमको सिलसिलामा दर्जनौं पटक पुगेको देशमध्येको सिंगापुर फेरि पुगेपछि यो लेख लेख्न मन लागेको हो । विकास कसरी गर्न सकिन्छ भन्ने कुरा सिंगापुरले संसारलाई नै एक राम्रो उदाहरण दिएको छ । मलेसिया र इन्डोनेसियाको बीचमा पर्ने सिंगापुरको लम्बाई ५० किमि र चौडाई २६ किमि छ । हाम्रो कञ्चनपुर जिल्लाभन्दा सानो यो देशमा प्राकृतिक सुन्दरता खासै नभएर पनि पर्यटनलाई आफ्नो देशको अर्थतन्त्रको विकासमा एक मुख्य उद्योग बनाउन सफल भएको छ । बर्सेनि १३ करोड पर्यटकले सिंगापुर घुमेर उक्त कुराको पुष्टि गरेको छ ।

सिंगापुर पुग्ने जोकोही आकर्षित हुने गर्दछन् । सिंगापुर एयरपोर्ट प्राकृतिक हिसाबले सिंगारिएको छ । एयरपोर्टबाट शहरसम्मै बाटोका दुवैतिर फूलका बगैंचाहरुले जोकोहीलाई मन्त्रमुग्ध बनाउँछ । सिंगापुर चिडियाघर र नाइट सफारी यहाँका मुख्य आकर्षकमध्येमा पर्छन् । किनभने यहाँको









चिडियाघरमा जनावरलाई पिजडामा कैद गर्नु साटो खुला छोड्ने गरिन्छ ।

बोटानिकल गार्डेनको आनन्द, चाइना टाउनको रमाइलो र मरिना बे स्याण्डमा डुंगाले जोडेको सुन्दर आकृति र त्यहाँबाट देखिने सुन्दर सिंगापुर मेरो मानसपटलमा सधैं रहिरहने दृश्यहरु हुन् । मैले सिंगापुरमा आनन्द लिने ठाउँहरुमध्ये सेन्टोसा (जहाँ कयौं पार्कहरु छन्) र मरिना बेमा रहेको मरालिन पार्क पनि हो । मर्लिन शालिकमा शेरको टाउको र माछाको शरीर र पुच्छर छ । र, यसको मुखबाट ठूलो पानीको फोहोरो समुद्रमाथि खस्दछ ।

लण्डनमा भएको 'लण्डन आई'जस्तै सिंगापुरले 'सिंगापुर फ्लायर' सन् २००८ मा बनायो, जहाँबाट सिंगापुर शहरको चारैतिर हेरेर राम्ररी मज्जा लिन सकिन्छ । एसियन सिभिलाइजेसन म्युजियम पनि सिंगापुरको एक आकर्षण हो ।

एकदेखि दुई दिनमा सिंगापुर पूरै हेर्न सक्ने जति मात्रै आकर्षकहरु भएर पनि करोडौं पर्यटकहरु सिंगापुर पुगेको अनुभूति सिंगापुर एयरपोर्टको खचाखच भिडले पनि पुष्टि गर्दछ । करिब साढे ४ घण्टाको विमानयात्रापछि प्राकृतिक हिसाबले संसारकै सुन्दर देशहरूमध्येको हाम्रो देश नेपालमा अवतरण गर्दा थोरबहुत मात्र पर्यटक काठमाडौं विमानस्थलमा देखिन्छन् । १५-१६ वटाभन्दा बढी एराइभल काउन्टर भए पनि ५, ६ जना मात्रै काउन्टर बसेर लामो लाइनमा बसेका पर्यटक र नेपालीहरूको मन खिन्न हुन एयरपोर्टबाटै सुरू हुन्छ । यदि नेपाल सरकारले थोरै ध्यान दिएर एयरपोर्टमा मात्रै पनि पर्यटकलाई राम्रो प्रभाव पार्न सक्यौं भने केही पर्यटक बढ्थ्यो होला । खासमा सिंगापुरजस्ता देशबाट फर्किंदा ट्याक्सी घरतिर बढिरहँदा धेरैले सोच्ने कुरा पनि यही नै हो ।





# नेपालप्रेमी चिनियाँ कलाकार

आउने वर्ष अर्थात् सन् २०१५ चीन र नेपालबीचको दौत्य सम्बन्ध स्थापनाको साठीऔं वार्षित्सव मात्र नभएर चिनियाँ अन्तर्राष्ट्रिय रेडियो (सीआरआई) नेपाली सेवा प्रसारणको चालीसौं वार्षिकोत्सव पनि हो । हाल चिनियाँ प्रसिद्ध कलाकार 'पश्चिमको यात्रा' सँस्कृति र बाँदर ओपेराको उत्तराधिकारी लिउ स्याउ लिङ थुङ अर्थात् पात्र नामः सुन उ खुङले चिनियाँ अन्तर्राष्ट्रिय रेडियोको नेपाली सेवाका संवाददातालाई अन्तरवार्ता दिँदै आफ्नो नेपालसित जोडिएका भावना प्रस्तुत गरे ।

**नेपाल, जीवनमा जान चाहेको सबैभन्दा मन पर्ने स्थल**

दुई हजार पाँच सय वर्षभन्दा अघि शाक्यमुनि बुद्ध नेपालको लुम्बिनीमा जन्मिएका थिए । त्यसपछि उनले भारतभूमिमा तपस्या र अटुट अभ्यासमार्फत् अन्ततः बुद्धत्व प्राप्त गरी प्राणी जगतको दुःख निवारण गरेका थिए । एक हजार वर्षअघि प्राचीन चीनको थाङ वंशका महान बौद्ध भिक्षु व्हेन साङले प्राचीन भारतमा बौद्ध धर्मशास्त्रको ज्ञानको खोजीमा दश हजार किलोमिटरभन्दा बढी सुदूर यात्रा गर्दै विविध चुनौती तथा कठिनाइको सामना गरेका थिए । पाँच सय वर्षअघि चिनियाँ लेखक उ छङ एनले भिक्षु व्हेन साङको पश्चिमको यात्रालाई आधार बनाएर विश्व प्रसिद्ध भगवान तथा राक्षस उपन्यास 'पश्चिमको यात्रा' तयार पारेका थिए । गत शताब्दीको असी दशकमा बाँदर ओपेराका उत्तराधिकारी लिउ स्याउ लिङ थुङले आफ्नो उत्कृष्ट अभिनयद्वारा पश्चिमको यात्राको मुख्य भूमिका सुन उ खुङलाई सक्रिय तथा फुर्तिलो रूपमा पर्दामा उतारिएको छ । यसबाट स्वदेशी तथा विदेशी सर्वसाधारणले वास्तविक रूपमा सुन उ खुङ र 'पश्चिमको यात्रा' बारे थाहा पाउन सहज भएको छ । त्यसैकारण आजीवन पश्चिमको यात्रा संस्कृतिको प्रचारप्रसार कार्यमा कार्यरत लिउको विचारमा नेपाल सधैं नै स्वप्नस्थल जस्तै बनेको छ । उनले आफ्नो अनुभव सुनाए- 'म एक बौद्ध धर्मावलम्बी हुँ । साथै 'पशचिमको यात्रा' भन्ने टेलिभिजन नाटकमा सुन उ खुङको भूमिका निर्वाह गरें । सुन उ खुङ र बुद्धबीच अविच्छिन्न सम्बन्ध भएको कारणले मैले सबैभन्दा जान मन पराएको स्थलको रूपमा नेपाल परेको हो । हाल हाम्रा अधिकांश चिनियाँ जनताको विचारमा नेपाल एक प्राचीन सभ्यता भएको मुलुक हो अनि नेपालीमा मैत्रीपूर्ण भावना पनि छ । त्यसैले नेपाली जनतासँग घनिष्ट सम्पर्क तथा आदानप्रदान गर्दै आफ्नो प्रभाव शक्तिले चीन र नेपालबीचको मित्रताका लागि केही खास तथा प्रभावकारी योगदान गर्नसक्ने आशा मैले लिएको छु ।'


उनीहरूको अनुहारमा सम्पूर्ण रूपमा मैत्रीपूर्ण भावना छ । कलाकार लिउ स्याउ लिङ थुङ र चीनका लागि नेपाली राजदूताबासबीच हाल हार्दिक आवतजावत र मित्रता कायम भएको छ । यो मित्रता बुद्धसँग सम्बन्धित भएका कारण स्थापित भएको हो । सन् २००७ मा पल्लो शान्सीको सि आनमा आयोजित एक बौद्ध धर्म अनुसन्धान गोष्ठीमा लिउ स्याउ लिङ थुङले तत्कालीन नेपाली राजदूत टंकप्रसाद कार्कीसँग भेटेर बौद्ध धर्मको संस्कृतिका विषयमा एक उत्साहपूर्ण वैचारिक आदानप्रदान गरेका थिए । त्यसपछिको निरन्तर आवतजावतमा लिउ स्याउ लिङ थुङ र नेपाली राजदूत तथा राजदूतावासका कर्मचारीसँग गहिरो मित्रता कायम भएको हो । सन् २००९ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको चीन भ्रमणको अवधिमा कलाकार लिउ स्याउ लिङ थुङ नै नेपाली प्रधानमन्त्रीसँग भेट्न दूतावास पुग्ने एक मात्रै चिनियाँ कलाकार थिए ।

चीनका लागि वर्तमान नेपाली राजदूत महेशकुमार मास्केले पनि लिउलाई निकै सम्मान दिनुका साथै एक खुसीको कुरा सुनाएका छन् । त्यो भनेको हाल नेपालका सम्बन्धित संस्थाले लिउद्वारा अभिनित नाटक 'पश्चिमको यात्रा'लाई नेपाली भाषामा अनुवाद गर्ने काम भइरहेको छ । यस टीभी नाटक नेपालमा औपचारिक रूपमा प्रसारण हुने बेलामा कलाकार लिउले नेपालको भ्रमण गर्नसक्ने आशा राजदूत मास्केले गरेका छन् । साथै कलाकार लिउद्वारा मुख्य रूपमा अभिनय गरिएको र चीन-अमेरिकाको सहयोगमा बनाइने 'पश्चिमको यात्रा' भन्ने धार्मिक शृंखलाप्रति पनि राजदूत मास्केले निकै ध्यान दिएका छन् । उनको आशा छ : यस चलचित्रबाट विश्वका अझ बढी जनताले पश्चिमी यात्रा संस्कृति र बुद्ध धर्म संस्कृतिबारे जानकारी लिन सक्नेछन् । नेपाली राजदूतसँगको मित्रताप्रति लिउले भने- 'चीनका लागि नेपाली राजदूतवास ठूलो होइन तापनि यसबाट नेपालको परम्परागत जातीय संस्कृतिको मोह केन्द्रीय रूपमा अभिव्यक्त भएको छ । राजदूतावासका कर्मचारीहरूसँगको आवतजातवतमा केवल उनीहरूको अनुहारमा नै चिनियाँ जनताप्रतिको हार्दिक तथा मैत्रीपूर्ण भावना रहेको देख्न सकिन्छ ।'

स्वदेशी मौलिकताले कुनै पनि दोस्रो कुराले पूर्ति गर्न सक्दैन । 'पश्चिमको यात्रा'मा सुन उ खुङले भिक्षु थाङ स्वान चाङसँग पश्चिमी यात्रा









गर्दा अत्यधिक चुनौतीको समाधान गर्छन् अनि अन्तमा बुद्ध बन्छन् । सुन उ खुङ यस भूमिकाको रचना बुद्ध धर्मसित घनिष्ट रूपमा सम्बन्धित छ । सबैलाई थाहा छ हिन्दू धर्ममा पनि एक बाँदर अर्थात् हनुमान छन् । भिक्षु व्हेन साङले प्राचीन भारतबाट बुद्धशास्त्र ल्याउनुका साथै त्यहाँको संस्कृति, लोककथा र ऐतिहासिक लिखित प्रमाण पनि चीनमा भित्र्याएका थिए । त्यसदेखि एक हजार वर्षपछि उछङएनले तत्काल चीनमा फैलिएको बाँदर राजासित सम्बन्धित लोककथाबमोजिम 'पश्चिमको यात्रा' नामक पुस्तक रचना गरेका हुन् । 'पश्चिमको यात्रा'को सुन्दर बाँदर राजा हनुमानभन्दा फरक छ भने एक चिनियाँ रगत बोकेर लामो ऐतिहासिक जातीय संस्कृतिको प्रतिनिधित्व गर्ने पात्र हो । लिउ स्याउ लिङ थुङको विचारमा सुन उ खुङ र हनुमानको सम्बन्ध दाजुभाइको जस्तै हो । यी दुई पात्र चीन र नेपालबीचको साँस्कृतिक आदानप्रदानमा एक पुल बन्नसक्ने छन् ।

शाङहाइ लिउ स्याउ लि ङ थुङ कला संग्रहालय र व्हाइ आन सुन्दर बाँदर राजा कला संग्रहालयमा विभिन्न सामग्रीबाट बनाइएका विविध आकारका हनुमान कलाकृति प्रदर्शनी गरिन्छ । यी सबै कलाकृति लिउ स्याउ लिङ थुङका साथीहरूद्वारा नेपालबाट संग्रह गरिएका हुन् । यसप्रति लिउले भने- 'मेलमिलाप खोज्दा फरक विशेषता पनि राख्नुपर्छ । मेरा कला संग्रहालयमा सुन उ खुङ र हनुमान यी दुई पात्रको संयुक्त प्रदर्शनीबाट चीन र नेपालका जनताबीचको मित्रता अभिव्यक्त हुनसक्छ । नेपाल एक धनी मुलुक होइन तर यससँग अन्य मुलुकबाट प्रतिस्थापन गर्ने नसकिने विशेषता छ । नेपालको पर्यटन र संस्कृति व्यवसायले भविष्यमा महत्वपूर्ण भूमिका खेल्ने छ । मैले संग्रह गरेका यी नेपाली कलाकृति गुणस्तरीय होस् वा प्रविधि सबै विश्वका लागि उच्चस्तरीय हुन् ।

सन् २०१४ मार्च २७ चिनियाँ राष्ट्राध्यक्ष सी चिन फिङले फ्रान्समा अवस्थित संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन युनेस्कोको मुख्यालयमा विशेष गरी भिक्षु व्हेन साङको पश्चिमको यात्रा जस्तै अन्य मुलुकको संस्कृतिलाई टिपेर स्वदेशी संस्कृतिसँग मिलाउने भावना व्यक्त गरेका थिए । चिनियाँ राष्ट्रिय नेताले विश्वसमक्ष चीनको धार्मिक संस्कृति बारेमा जोड दिएको यो पहिलो पटक हो । यसबाट चीनले धर्मलाई निकै सम्मान दिँदै धार्मिक साँस्कृतिक आदानप्रदानको प्रोत्साहन दिएको अभिव्यक्त भएको लिउको ठहर छ ।


हाल धेरैजसो चिनियाँहरूले नेपालसितको छाप शाक्यमुनिको जन्मथलो वा हिमालयका दृश्यमा मात्रै केन्द्रित गरिराखेको पाइन्छ । तर नेपालको इतिहास, सँस्कृति र मानवीय जीवनसम्बन्धी चासो कम देखाएको जस्तो लाग्छ । यसप्रति लिउले निःशुल्क र विनापूर्वाग्रह चीन र नेपालबीचको मैत्रीपूर्ण आदानप्रदान र सम्झनाका लागि एक दूतको रूपमा प्रयास गर्ने आशा गरेका छन् । साथै उनले यस सम्बन्धमा दुईटा रचनात्मक सुझाव प्रस्तुत गरे । ती दुई सुझावमा एक : चीनमा आफ्नो प्रभावकारी शक्तिद्वारा नेपालको प्रचारप्रसारमूलक वृत्तचित्र बनाउनु हो । दुई : पशचिमको यात्रा र सुन उ खुङ तथा हनुमान यी दुई पात्रले यी दुवै मुलुकका जनताबीचको सम्झना तथा आवतजावतलाई मजबुत बनाउनु हो ।

'अवसर पाएमा मैले चिनियाँ अन्तर्राष्ट्रिय रेडियो, केन्द्रीय टेलिभिजन स्टेशनजस्तै स्वदेशी मुख्य सञ्चारमाध्यममार्फत् नेपालको संस्कृति र पर्यटनका लागि केही प्रचारप्रसारको काम गर्नसक्छु । साथै हाम्रो पश्चिमको यात्रा टीभी नाटकलाई औपचारिक बाटोमार्फत् प्रसारणका लागि नेपालमा भित्र्याउने छ । प्रसारणको अवधिमा मलाई नेपालको भ्रमण गर्ने इच्छा छ । मेरो विचारमा सधैं बोलिरहेर मात्रै हुँदैन बरू केही वास्तविक रूपमा गरेरै देखाउन सक्नुपर्छ', उनले भने । दुई मुलुकबीचको आदानप्रदानमा किशोरकिशोरी र युवायुवतीबीचको आदानप्रदान सबैभन्दा महत्वपूर्ण हुन्छ । संस्कृति विश्वका विभिन्न जातिको साझा धन हो । भविष्य संसारको उत्तराधिकारीको हैसियतले किशोरकिशोरी र युवायुवतीसँग महत्वपूर्ण कर्तव्य र जिम्मेवारी रहेको छ । चीन र नेपालबीचको साँस्कृतिक आदानप्रदानमा यी दुबै मुलुकका जनता विशेष गरी किशोरकिशोरी र युवायुवतीले आपसी सम्पर्क र आदानप्रदान गर्नुपर्छ । यसप्रति स्वदेश तथा विदेशका एक सयभन्दा बढी विश्वविद्यालयमा भाषण दिनुका साथै विविध युवायुवतीले साँस्कृतिक आदानप्रदान कार्यक्रममा दूतको रूपमा भाग लिएको लिउले गहन अनुभव गरेका छन् ।

'यस सन्दर्भमा मेरो सम्पूर्ण विश्वास छ । मेरो आशा छ स्थानीय नेपाली सञ्चार माध्यमसँग सहयोग गरेर चिनियाँ सँस्कृतिलाई नेपाली युवायुवतीसमक्ष पुऱ्याउनुका साथै नेपालको संस्कृतिलाई पनि चिनियाँ युवायुवतीसमक्ष प्रचारप्रसार गर्न सकिनेछ । साथै मलाई नेपाली विश्वविद्यालयमा भाषण गर्ने मन छ । नेपाली युवायुवतीसमक्ष बौद्ध धर्म र सुन उ खुङ तथा हनुमानबीचको ऐतिहासिक सम्बन्ध भन्ने दृष्टिकोणबाट मन्तव्य राख्न मन छ', उनले भविष्यको योजना सुनाए ।

आउने वर्ष अर्थात् सन् २०१५ मा चीन र नेपालबीचको दौत्य सम्बन्ध स्थापनाको साठीऔं वार्षिकोत्सव मात्र नभएर चिनियाँ अन्तर्राष्ट्रिय रेडियो नेपाली सेवाको ४० औं जन्मदिवस पनि परेको छ । यसप्रति लिउले चिनियाँ अन्तर्राष्ट्रिय रेडियोको नेपाली सेवामार्फत् आफ्नो शुभकामना सन्देश दिएका छन्- 'चीन र नेपालबीचको दौत्य सम्बन्ध स्थापित भएको साठीऔं वार्षिकोत्सव र चिनियाँ अन्तर्राष्ट्रिय रेडियो नेपाली सेवाको ४०औं जन्मदिवस आउन लागेको घडीमा चीन र नेपालबीचको एक मैत्रीपूर्ण साँस्कृतिक दूतको रूपमा मैले यी दुवै मुलुक दीर्घकालीन मैत्रीपूर्ण छिमेकी र साथी बन्ने शुभकामना दिन्छु । साथै यी दुवै मुलुकबीचको सांस्कृतिक र मानवीय भावना आदानप्रदानका लागि नेपाली कलाकारहरूसँग सहकार्य गर्नसक्ने आशा पनि मैले गरेको छु ।'

*(साभार : सीआरआई नेपाली सेवा)*




# ओटिजमपीडितको
# सामाजिक जीवन

एकजना थाङ्का चलचित्र कलाकार र अर्को व्यक्ति विशेष स्वास्थ्य समस्या ओटिजम भएको बालक । एकजना तिब्बती परम्परागत संस्कृतिको उत्तराधिकारी कार्यमा लगनशील र अर्को पेन्टब्रास मार्फत आफ्नो रंगीन विश्व प्रष्ट्याउँदै । अलग्गै जीवन, अलग्गै अवस्था तर पेन्टिङ चाहिँ दुवैको संगम विन्दु । आ-आफ्नो आश्चर्यजनक जीवनमा वाङ हान पिन र चङथाइच्या कसरी एउटै बाटोका यात्री हुन पुगे ?

सन् २०१४ को मे १७ मा २१ वर्ष पुगेका ओटिजम पीडित वाङ हान पिनका लागि विशेष अर्थयुक्त दिन रह्यो । त्यो दिन उनको व्यक्तिगत हस्तलिपि र पेन्टिङ प्रदर्शनी पैचिङमा सफलताका साथ आयोजना भएको थियो । प्रदर्शनीमा रकुङ थाङका मास्टर चङथाइच्याले औपचारिक रूपमा वाङ हान पिनलाई आफ्नो विद्यार्थीको रूपमा स्वीकार गरे । यसबाट यी तिब्बती जाति र हान जातिका गुरू-चेलाको रकुङ थाङ्का संस्कृतिको उत्तराधिकार यात्रा सुरू भएको छ ।

चङथाइच्या थाङ्का कलाका मास्टर हुन् । रकुङ थाङ्का कलाका प्रतिनिधित्व उत्तराधिकारी गाचाङको विद्यार्थीका रूपमा रहेको चङथाइच्या अहिले रकुङ कलाको नेता रहेका छन् । थाङ्का कला पुस्तान्तरण गर्नका लागि चङथाइच्याले आफ्नो घरमै कार्यालयको स्थापना गरी विद्यार्थी भर्ना सुरू गरेका थिए । हालसम्म त्यहाँबाट तीसभन्दा बढी प्रसिद्ध तथा दक्ष कलाकार उत्पादन भएका छन् ।

केही शताब्दीयता तिब्बती जातिमा मूल्यवान ठानिएको थाङ्कालाई म्येन थाङ शाखा, छिन च शाखा, गा च शाखा आदि विभिन्न शाखाहरु विकास भएका छन् । रकुङ थाङ्का यीमध्येको एक निकै सानो स्थानीय शाखा हो । तर पुस्तौंपुस्तादेखि रकुङबासीले आफ्नो परम्परागत संस्कृतिमा ध्यान दिएर थाङ्का कलालाई विकास गरेबाट रकुङ थाङ्काले देश-विदेशमा चर्चा कमाएको छ । अरू शाखाका थाङ्काको तुलनामा रकुङ थाङ्काको धार्मिक नियम र परम्परागत कलालाई अधिक कायम राखेको छ । साथै अरू जातिको संस्कृतिबाट पनि धेरै अनुभव लिएको छ । रकुङ कलाका उत्तराधिकारीमध्येका प्रतिनिधिको रूपमा रहेको चङथाइच्याले पहिलो पटक भित्री भूमिमा आफूले चेला स्वीकार गरेको बारे चर्चा गर्दै भने- केही वर्षयता भित्री भूमिका अझै धेरै व्यक्तिले तिब्बती परम्परागत कला थाङ्कामाथि धेरै रूचि राखेका छन् । यसबाट रकुङ कलाकारलगायत सबै तिब्बती जाति गौरवान्वित भएका छन् । मैले भित्री भूमिमा सिकारू व्यक्तिलाई विद्यार्थी स्वीकार गरी देश तथा विश्वभरिका मानिसलाई थाङ्का र तिब्बती परम्परागत संस्कृतिबारे बुझाउन सक्ने आशा लिएको छु ।

विद्यार्थी छान्नका लागि गुरू चङथाइच्याले मापदण्ड निकै कडा बनाएका छन् । किनभने थाङ्का बनाउन धेरै लामो समय लाग्छ र निकै ध्यान दिनुपर्छ । थाङ्का बनाउने कलाकारले आफ्नो सबै ध्यान र विचारलाई थाङ्कामा केन्द्रित गर्नुपर्छ । यो त कलाकारको कौशलको लागि परीक्षा हो साथै इच्छाशक्तिका लागि पनि परीक्षा हो । ओटिजम समस्या भएका व्यक्तिमा केही समयमा एउटै व्यवहार दोहोर्‍याइरहने अथवा एउटै आवाज निकालिरहने खालको चरित्र हुन्छ । सामान्य मानिसका आँखामा समस्याको रूपमा रहेको उक्त व्यवहार थाङ्का बनाउन चाहिने क्षमता हो । साथै ओटिजमको शुद्ध मन थाङ्का बनाउन पनि महत्वपूर्ण छ । मास्टर चङथाइच्याले भने- कलाकारका लागि थाङ्का बनाउन धर्मनिष्ठ मन सबभन्दा मुख्य विषय हो, अनि वाङ हान पिनले पनि कर्तव्यनिष्ठ रूपमा चित्र बनाउँछन्, अरू कुनै पनि विचार छैन, यो त थाङ्का बनाउनका लागि आवश्यक निकै मूल्यवान विशेषता हो ।

ओटिजम नलागेको भए अहिले वाङ हान पिन विश्वविद्यालयमा हुने थिए । हस्तलिपि र चित्र कलामा आफ्नो असाधारण प्रतिभा र कर्तव्यको कारणले उनको हस्तलिपि र चित्रहरुधेरै प्रदर्शनीमा प्रदर्शन भएका छन् साथै विभिन्न दान कार्यक्रममा लिलाम गरिएर परोपकारका लागि चार लाखभन्दा बढी चिनियाँ युआन संकलन गरिएको छ ।

तिब्बती परम्परागत कलाकारले भित्री भूमिमा उत्तराधिकारी भर्ती गरेको यो पनि पहिलो पटक हो । त्यसबाट जातीय संस्कृतिको पुस्तान्तरण गर्न तिब्बती जनताले गरेको अथक प्रयास प्रतिबिम्बित भएको मात्र नभई तिब्बती जातीय भावना र संस्कृतिको थप विकास र प्रचार-प्रसार गरेको पनि मानिन्छ । चीनको संस्कृति मन्त्रालय अन्तर्गत चिनियाँ हस्तलिपि तथा चित्र संस्थानका शिक्षाविद् एवं चीनको संकलनकर्ता समितिका सदस्य वाङ हुङ फोले भने- थाङ्का एक किसिमको रहस्यमय पेन्टिङ कला हो ।

मास्टर चङथाइच्याले आफ्ना विद्यार्थीको पेनटिङ सीपमाथि उच्च प्रशंसा गरे । वाङ हान छाउको असामान्य पेन्टिङ प्रतिभा भएकोले गुरू-शिष्यको विशेष कलात्मक प्रकाशले जन्म लिने विश्वास उनले लिए- मेरो आशा छ वाङ हान पिनले थाङ्का कलाको साँच्चिकै निहितार्थ बुझ्न सकिन्छ अनि उनी आफ्नो पेन्टिङ मिलेर सिद्ध कलात्मक प्रभाव जन्मन सक्छ । तिब्बती बौद्ध धर्म नै थाङ्का संस्कृतिको मूल हो । बौद्ध धर्मको भनाइ छ- 'असल कर्म संचित गर, अरूप्रति दयालु भाव राख ।' गुरू चङथाइच्या र सिकारू वाङ हान पिनको मिलनबाट उक्त बौद्ध धर्म विचारलाई व्यवहारमै पुष्टि गरेको आभास हुन्छ ।

*(साभार : सीआरआई नेपाली सेवा)*








# नेपाली सिकाउँदै चिनियाँ शिक्षक

चीन र नेपाल छिमेकी मुलुक हुन् । तर जसरी थौरै नेपाली मात्र चिनियाँ भाषा बोल्न सक्छन्, त्यसैगरी थौरै चिनियाँलाई मात्र नेपाली भाषा आउँछ । युवा शिक्षक वाङ जी हाउ त्यस्ता थौरै चिनियाँमध्ये एक हुन् । सन् २००९ मा चिनियाँ कम्युनिकेशन विश्वविद्यालयमा विदेशी भाषा अध्ययन गर्न प्रवेश गरेसँगै उनले पहिलो पटक नेपाल र नेपालको बारेमा थाहा पाएका थिए । त्यसपश्चात् त्यो दक्षिण एशियाली क्षेत्रमा रहेको लामो इतिहास बोकेको र रहस्यमय मुलुकले उनलाई गहन रूपमा आकर्षित गरेको छ ।

वाङ जी हाउको नेपाली नाम राजकुमार हो । उनी चीनको उत्तरपूर्वी भागबाट आएका हुन् । उनको छालाको रंग अलिकति कालो छ र उनको कपाल प्राकृतिक रूपमा घुम्रिएको छ । विश्वविद्यालयमा नेपाली भाषाको पढाइ अवधिमा सहपाठीले उनलाई 'नेपाली दाजु' भन्ने गरेका थिए । सन् २०११ मा उनीलगायत उनका अन्य तीन जना सहपाठीले सँगसँगै नेपालको विश्वविद्यालयमा एक वर्षको पढाइ गरेका थिए । यो नै उनी नेपाल गएको पहिलो पटक हो र पहिलो विदेश भ्रमण पनि । त्यस बेलाको सम्झना गर्दै उनले भने- 'त्यस बेला धेरै खुसी लाग्यो । सबै विदेशी भाषा सिकेका मानिसले यस्तो भावना लिएको हुन्छ भन्नेमा मलाई विश्वास छ । उनीहरूलाई पनि धेरै खुसी लाग्ने छ । भाषाको माध्यमबाट अपरिचित स्थानमा केही मानिसलाई चिन्न सकिन्छ । केहीसँग कुरा गर्न सकिन्छ । त्यो क्षण धेरै रमाइलो हुन्छ ।'

नेपालमा पढेको बेला धेरै कठिनाइ थिए तर धेरै सम्झनालायकका मीठा कुराहरु पनि छन् । नेपालीहरु प्राकृतिक रूपमा उत्साही र इमानदार हुन्छन् । त्यस कुरा पनि उनलाई सुखद लागेको छ । एक पटक राजकुमारले एटिएमबाट पैसा निकाल्दा मेसिनबाट सफलतापूर्वक पैसा निक्लेको देखाए पनि पैसा भने निस्केको थिएन । त्यसपछि उनले तुरून्तै स्थानीय बैंकमा सम्पर्क गरेर सहयोग खोजे तर बैंकमा सो घटनाको बेलीबिस्तार लाउनलाई आवश्यक विदेशी शब्द भने उनलाई आउँदैनथ्यो । त्यसबेला उनलाई समस्या आइलागेको थियो र त्यस बेलामा उनले एक नेपाली साथीलाई

**राजकुमारले शिक्षक भएको पहिलो वर्षमा नै यस किसिमका धेरै रमाइला कार्यक्रमहरू पाठ्यक्रममा नै राखेका छन् । उनको प्रयासमा नेपाली भाषा नै विद्यार्थीहरूलाई सबैभन्दा मनपर्ने विषय बनेको छ । उनको प्रयासमा विद्यार्थीहरूलाई यस भाषा बोल्न गर्व लागेको छ ।**









सहयोगको लागि आग्रह गरे । अनि नेपाली साथी र बैंकका कर्मचारीबीचको कुराकानीपछि बैंकले राजकुमारलाई एक हप्तापछि मात्र पैसा पाउन सकिने जानकारी दिन्छ । तर राजकुमार हप्तादिनसम्म कुर्न सक्ने अवस्थामा थिएनन् । उनी आफ्नो देश फर्कनुपर्ने थियो । त्यस क्रममा नेपाली साथीले बैंकलाई एउटा प्रस्ताव राख्छ कि हाल उसले राजकुमारलाई पैसा दिने र एक हप्तापछि बैंकले उसलाई पैसा दिनसक्छ । तर बैंकले उसको सुझावलाई अस्वीकार गर्छ । तर नेपाली साथीको सो सहयोगको भावनाले राजकुमारको मन तरंगित भयो । उनलाई धेरै खुसी लाग्यो । 'त्यति बेला म धेरै धेरै नै खुसी भएको थिएँ । एकदम खुसी लाग्यो । ऊ मेरो सामान्य साथी मात्र हो तर उसले त्यस्तो सहयोगको प्रस्ताव राख्यो । यो देखेर म द्रवीभूत भएँ', उनले कृतज्ञता व्यक्त गरे ।

नेपाल बसाइको अवधिमा राजकुमार विश्वविद्यालयको छात्राबासमा बसेका थिए । छात्राबासको सञ्चालकको एक छोरा छन् । सामान्यतया राजकुमार तथा अरू सहपाठीहरूको सञ्चालकको छोरासँग त्यति सम्पर्क छैन तर उनीहरु चीन फर्किनु एक दिनअघि सञ्चालकको छोराले उनीहरु चारै जनालाई केक बाँडेका थिए । त्यस दिन उनको जन्मदिन थियो । उनले उनीहरूसँग आफ्नो जन्मदिनको केक बाँढ्न बोलाएका थिए । 'हामीलाई यस घटनाले पनि छोयो किनकि सामान्यतः हामी र ऊबीचको आदानप्रदान निकै कम थियो । जन्मदिनको केक उनका लागि धेरै बहुमूल्य उपहार हो । उनले त्यस्तो बहुमूल्य उपहार वरिपरिका मानिससँग शेयर गऱ्यो । त्यस कुराले हामीलाई धेरै खुसी बनायो', उनले भने ।

यस किसिमका घतलाग्दा कुराले राजकुमारको मनलाई पटक पटक जितेको छ । नेपाल बसाइको ३६५ दिनमा उनले प्राप्त गरेको विभिन्न कुराले उनको जीवनमा महत्वपूर्ण भूमिका खेलेको छ ।

स्नातकपछि धेरैजसो सहपाठीले भविष्यमा उच्च प्रगति हुने नदेखेर नेपाली भाषा छोडेका छन् तर राजकुमारले नेपाली भाषा र संस्कृतिप्रतिको मायालाई कायम राखेका छन् । अन्तमा, उनी धेरै प्रयासपछि एक विश्वविद्यालयको शिक्षक बनेका छन् । विद्यार्थीहरूलाई नेपाली भाषा तथा संस्कृति पढाउने र विद्यार्थीहरूले पनि नेपाली भाषा तथा संस्कृतिलाई मन पराउने छन् भन्ने राजकुमारको आशा छ । यी युवा शिक्षकले धैर्यपूर्वक तथा रमाइलो तरिकाबाट पढाउँदै धेरै विद्यार्थीलाई आकर्षित गरेका छन् । त्यसै विद्यार्थीमध्येकी एक स्यु यीङ नीलाई त्यस रहस्यमय मुलुकबारे जानकारी लिने इच्छा जागेको छ । 'शिक्षकले हामीलाई नेपाली चिया बनाउने तरिका सिकाउनु भएको छ । हामी सँगसँगै गएर आवश्यक सामान किन्यौं र पछि उहाँले दूधचिया बनाउन सिकाउनु भयो । उहाँले हाम्रो क्लासरूममा दूधचिया दिवसको आयोजना गर्नुभएको थियो । विश्वविद्यालयका धेरै शिक्षक-शिक्षिका पनि उक्त दिवसमा सहभागी भएका थिए', उनले भनिन् ।

राजकुमारले शिक्षक भएको पहिलो वर्षमा नै यस किसिमका धेरै रमाइला कार्यक्रमहरु पाठ्यक्रममा नै राखेका छन् । उनको प्रयासमा नेपाली भाषा नै विद्यार्थीहरूलाई सबैभन्दा मनपर्ने विषय बनेको छ । उनको प्रयासमा विद्यार्थीहरूलाई यस भाषा बोल्न गर्व लागेको छ । उनको प्रयासमा अझ धेरै मानिस तथा विद्यार्थीहरूले त्यस सुन्दर र रहस्यमय मुलुक जाने इच्छा देखाएका छन् ।

*(साभार : सीआरआई नेपाली सेवा)*



# सिमसिमे पानीकी रेखाको पीडा

दुई दशक अगाडि सिमसिमे पानीले ज्यानलाई गर्‍यो बेइमानी बोलको लोकगीत गाएर निक्कै चर्चामा आएकी मूलधारकी गायिका रेखा शाहको चौथो एल्वम 'रेखा' नै भएको छ । यसअघि तीन एल्वम द लाइन, स्मृति र आकृति निकालिसकेकी रेखाले रेखा शाह फाउण्डेसन नामक सामाजिक संस्था दर्ता समेत गरेकी छन् । सोही संस्था मार्फत सामाजिक सेवामा लाग्ने प्रतिबद्धता पनि उनले व्यक्त गरेकी छन् ।

सिमसिमे पानी पछि तिमीलाई केही नहोस्-पीर सबै मैमा सरोस्, एकदिन तिमी फर्की आउने छौ बाटोभरिको काइँ फूल सुकेपछि र तिम्रो हात समाइ हिंड्दा खेरि दुनियाँले मलाई हजार भन्यो बोलका गीतले हाल निक्कै चर्चामा रहेकी सुन्दरी गायिका रेखा बिजनेस वुमन पनि हुन् । गायनको अलावा निजी व्यवसायमा समेत संलग्न रहेकी उनको २०५६ वैशाख महिनामा राजनीतिक व्यक्तित्व इन्द्र गुरुङसँग विवाह भएको हो । विवाह गरेकै वर्षको फागुन महिनामा छोरा इशान्तलाई उनले जन्म दिएकी थिइन् ।

जीवनको अनुभवको कुरामा बिहेलाई केवल सामाजिक सम्झौताको रूपमा उनले लिएकी छन् । बिहेपछि श्रीमान्-श्रीमतीबीच प्रेमभन्दा बढी कर्तव्य हुने गर्दछ । उनी त्यसमा प्रेम हुन्छ भन्ने ग्यारेन्टी गर्न नसक्ने जिकिर गर्छिन् । यसो हुनुमा विवाहअगाडि अनेकन सपना देखाउनेहरु विवाह पश्चात केवल कर्तव्यमा बढी बाँधिने भएबाट प्रेम कम हुने गरेको उनको अनुभव छ ।

यौनलाई जिन्दगीको सुन्दर पक्ष भन्न रूचाउने रेखाले दुई दशकयता जिन्दगीमा धेरै परिवर्तन गर्न सफलता पाएकी छन् । २०४९ मा एसएलसी पास गरेर काठमाडौं आउँदा अत्यन्त सामान्य जीवन बाँच्ने उनी समयसँगै आधुनिक बन्न सफल बनेकी छन् । उनी समय अनुसार फेसनेबल बन्न पनि सिपालु भइसकेकी छन् । कतिले त उनलाई कुनै हिरोइनभन्दा कम नदेखिएकी भनेर टिप्पणी गरेको पाइएको छ । आफ्ना प्रायः गीतका भिडियोमा उनी आफै हिरोइन बनेर खेलेकी पनि छन् ।

फिल्ममा हिरोइन नै बन्ने खासै चाहना नभएको तर अफर आएमा अस्वीकार नगर्ने मनस्थितिमा उनी रहेकी छन् । धर्मका सम्बन्धमा अरूलाई पीडा नदिनु नै मूल धर्म मान्ने आफ्नो कारणबाट कसैलाई पनि पीडा नहोस् भन्ने उनको चाहना रहेको छ । अरूको पीडा हेर्न नसक्ने उनी आफै भने अढाइ दशकदेखिको मुटुको धड्कन बढ्ने रोगबाट पीडित छन् । बेला-बेलामा बढी तनाव भएको बेला हर्टबीट बढ्दा उनलाई धेरै पीडा हुने गरेको छ ।



तस्वीर : शिवलाल श्रेष्ठ

## अविवाहित गायिकाको

# नेपाली छोरी

नेपालबाट हङकङ गएपछि मात्र गायिका बनेकी सोनम महर्जनको पहिलो गीतिएल्बम 'नेपाली-छोरी' सार्वजनिक भएको छ । हङकङमा कार्यरत पुराना नेपाली उस्ताद कृष्णभक्त महर्जनकी सुपुत्री सोनमले उक्त गीति-एल्वम नेपाल आएर सार्वजनिक गरेकी हुन् । सात वर्ष लामो हङकङ बसाइपछि नेपाली-छोरी एल्वम सार्वजनिक गरेको उनले बताएकी छन् । नेपालमा नै कलानिधि संगीत महाविद्यालयमा धनबहादुर गोपालीसँग संगीतको आधिकारिक शिक्षा समेत हासिल गरेकी उनले यसअघि पिताबाटै गीत-गायन तथा संगीत सिकेकी थिइन् । उनी बाउको बिंडो थाम्न सफलता पाएकोमा दंग पनि देखिएकी छन् । हङकङमा हुने प्रायः सांगीतिक कार्यक्रममा सहभागिता जनाउँदै आएकी उनका गीत सुन्ने प्रायःको कमेन्ट रहने गरेको छ- हङकङमा नेपाली उस्तादकी सुरिली स्वरकी धनी नेपाली छोरी ।

सोनमको पहिलो गीति-एल्वम नेपाली-छोरीको टाइटल गीत नेपाली छोरी म त नेपाली छोरी बोलको गीतले हाल सबैको मन जित्न सफल भएको पाइन्छ । प्रायः रेडियो एफएममा यस गीतको माग बढ्न पनि थालेको छ । हेमन्त विवशको शब्द तथा संगीतकार मनराजा नकर्मीको संगीत रहेको उक्त गीतबाहेक बाँकी सबै गीतमा उस्ताद कृष्णभक्त महर्जनको संगीत रहेको छ । उक्त गीति-एल्वममा संगृहीत आठ गीतमा दुई गीत शुभकामना तिम्रो जन्म दिनको र जाऊ हिंड काठमाडौं बोलको गीतमा क्रमशः मदनकृष्ण श्रेष्ठ र दीपक लिम्बूसँग उनले युगल गीत गाएकी छन् । बाँकी सबै गीतमा उनको एकल गायन रहेको छ ।

पिताको चाहना बमोजिम आधुनिक सुगम संगीतको संगीतमय गीति-एल्वम नेपाली-छोरी निकालेको बताउने २३ वर्षीया अविवाहित गायिका सोनमको चाहना सुगम संगीतको मात्र होइन, पप र रक संगीतको एल्वम पनि निकाल्नु हो । निकट भविष्यमा त्यस्ता एल्बम पनि निकाल्ने योजनामा उनी रहेकी छन् । पाएमा भजन तथा लोकगीत गाउन पनि इच्छुक उनको चाहना भर्सटायल गायिका बन्नु हो । हाल उनी हङकङमा गायनको अलावा होटल मेनेजमेन्टको पढाइ पनि पूरा गर्दैछिन् ।






SiBN
REDEFINING NEPALI MEDIA

Sarangi International Broadcasting Network



RADIO SARANGI
101.3 MHZ ...पूर्वको उज्यालो

RADIO SARANGI
93.8 MHz राष्ट्रको धुन...

Radio Sarangi 101.3 MHz
Biratchowk, Morang
+977 021 546063, 546073

Radio Sarangi 93.8 MHz
Mahendrapul, Pokhara
+977 061 541882, 541883



www.radiosarangi.com

# A COLORFUL FUTURE AHEAD

## Unique Chance to Change Your Parlour to Beauty Academy

Get Experienced, Successful, Professional Make Up, Artist/Hair Stylist as your mentor




SILVER FACIAL KIT




FACIAL KIT FOR BLEMISHED SKIN





GOLD FACIAL KIT




HAIR KIT FOR SPA





FRUIT FACIAL KIT





DIAMOND GLOW FACIAL KIT




BODY KIT FOR SPA




PEARL FACIAL KIT




Facial Kit
PIMPLE / ACNE PRONE SKIN




Facial Kit
INSTANT GLOW






**Impulse Trading Pvt. Ltd.**

Khichapokhari, Kathmandu, Nepal | Phone: 977-01-4254081

Rajeena Timilsina
Biratnagar, Morang
9842149152

Rajula Manandhar
Charm Beauty Care & Training Center
Banepa, Kavre. 9841735752/011662285









capitalFM™
92.4 cent percent yours.....

Capital FM 92.4 MHz (Malikarjun FM Pvt. Ltd.)
P.O.Box 11276, New Baneshwor, Kathmandu
Phone +977-1-4475345, 4475346
Fax: +977-1-4475344, E-mail: info@cfmonair.com

www.cfmonair.com